# गाउँ स्वास्थ्य प्रोफाईल

## २०७४/०७५






**शान्तिनगर गाउपालिका कार्यालय**
**चिराघाट, दाङ**

# शान्तिनगर गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
चिराघाट, दाङ
५ नं प्रदेश, नेपाल


## दुईशब्द

नेपालको राज्य सन्चालनको पुर्नसंरचनापश्चात स्थानिय सरकारको रुपमाशान्तिनगर गाउपालिकाको गठन भएको छ । गाउँपालिकाको स्थापनापश्चातपहिलो पटक स्वास्थ्य क्षेत्रको प्रकाशित दस्तावेजको रूपमाआउनलागेको गाउस्वास्थ्यप्रोफाईल छोटो समयमै तयारी गर्न पाउँदाअत्यन्तै खुसीलागेको छ ।

राज्यको पुनर्संरचनाको सिलसिलामा स्थापित यस गाउँपालिकाको स्वास्थ्यको यथार्थ विद्यमानअवस्थाझल्काउने गाउ स्वास्थ्यप्रोफाईलको तयारीले गाउको स्वास्थ्य क्षेत्रकोविकासको वर्तमानअवस्थालाई चित्रित गरेको छ । यस्तो चित्रणले आगामीदिनमाहामीले तर्जुमागर्नुपर्ने स्वास्थ्यकानीतितथाकार्यक्रमहरूलाई प्राथमिकीकरण गरी हामीलाई उपलब्ध सीमितश्रोत तथा साधनको अधिकतम सदुपयोग गरी गाउँपालिकाको स्वास्थ्यकोविकासलाई गतिप्रदानगर्न अवश्यपनि सहयोग पुऱ्याउने आशातथाविश्वास लिएको छु । यस अध्ययनप्रतिवेदनले स्वास्थ्य क्षेत्रका सबै सुचांकहरुलाई समेट्न प्रयास गरेको भएतापनि सीमित समय तथा स्रोत साधनको सीमाभित्रगरिएको अध्ययनआफैमानिरपेक्ष र पूर्ण हुन सक्दैन । यसलाई समय सन्दर्भअनुसार परिष्कृत र परिमार्जित गर्ने दायित्वहाम्रो काँधमाआएको महशुस हामी सबैले गर्नु पर्ने हुन्छ ।

योजनावद्ध विकासको आधारको रूपमा रहने यो गाउ स्वास्थ्यप्रोफाईल समयमै तयार गर्न लगाउने गाउँकार्यपालिकाको सम्पूर्ण टिम, प्रमुखप्रशासकियअधिकृत, स्वास्थ्य संयोजक, सह संयोजकतथाअन्यस्वास्थ्यचौकीहरुकोमहत्वपूर्ण जिम्मेवारी पुरा गर्ने कर्मचारी एवं निर्वाचितजनप्रतिनिधिलगायततथ्याङ्कउपलब्ध गराउने सम्पूर्ण कार्यालय, संघसंस्थातथाशुरुदेखि तथ्याङ्क संकलन, प्रसोधन गरी गाउ स्वास्थ्यप्रोफाईललाई यो रुप दिनुहुने शान्तिनगर गाउपालिकाका स्वास्थ्यशाखा संयोजकतथा सह संयोजकलाई विशेष धन्यबाददिन चाहन्छु साथैअन्य सबैमागाउँपालिकाको तर्फबाट आभार प्रकट गर्न चाहन्छु ।

अन्तमागाउँको स्वास्थ्य क्षेत्रकोविकासको आधार चित्रकोर्न यो प्रतिवेदन सहयोगीबनोस र दीर्घकालिन सोचका साथ अगाडि बढ्न हामी सबैलाई आधार प्राप्तहोस् भन्ने सुभेच्छा प्रकट गर्दछु ।

कमान सिं डाँगी
अध्यक्ष
शान्तिनगर गाउपालिका

# शान्तिनगर गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
## चिराघाट, दाङ
## ५ नं प्रदेश, नेपाल

**मेरो दुईशब्द**

दिगो र योजनाबद्धविकासलाई अगाडी बढाउनका लागिगाउँको समग्र तथ्याङ्क आवश्यक पर्दछ । त्यसै गरि स्वास्थ्य क्षेत्रको बिकासकालागि स्वास्थ्यकातथ्याङ्कहरुको आबश्यक पर्दछ । यसै आवश्यकतालाई मध्यनजर गरी गाउँपालिकाको गाउस्वास्थ्यप्रोफाईलतयार गरिएको छ। जसमागाउँपालिकाकाविभिन्न स्वास्थ्य सुचांकहरु समावेश गरी यस गाउँपालिकाको गाउ स्वास्थ्यप्रोफाईलतयारी गरिएको हो ।

यस गाउँपालिकाको अध्ययनगर्न चाहने स्वास्थ्यकर्मि,विद्यार्थीभाईबहिनीहरु, अनुसन्धानकर्ता, योजनानिर्माणकर्ता तथानगरवासीहरूलाई यस गाउ स्वास्थ्यप्रोफाईलले सूचनाप्रदानगर्न सहयोग पुग्ने छ भन्ने मैले आशालिएकी छु । यस गाउस्वास्थ्यप्रोफाईलमाजिल्लाजनस्वास्थ्यकाबिबरणहरु, स्वास्थ्यचौकीहरुको प्रगतिप्रतिबेदन, राष्ट्रिय स्तरमा सन्चालितकार्यक्रमहरुको बिबरण गाउपालिकाको राजनैतिकतथाप्रशासनिकविवरणका साथैराष्ट्रिय स्वास्थ्यजनसाङखिक सर्बेक्षण २०१६ काविविधपक्षहरू समावेश गरिएको छ।

अन्तमा प्रस्तुतगाउ स्वास्थ्यप्रोफाईलतयारी गर्ने सिलसिलामा सूचना संकलनगर्न प्रत्यक्ष र परोक्षरूपमासहयोग गर्नु हुने सम्पूर्ण स्वास्थ्य संस्था,कार्यालय, संघ/संस्था, अध्यक्ष ज्यू, स्वास्थ्यकर्मि ज्यूहरुगाउँकार्यपालिकाकाकर्मचारीहरू, प्रमुखप्रशासकियअधिकृत तथाशुरुदेखि तथ्याङ्क संकलन, प्रसोधन गरी गाउ स्वास्थ्यप्रोफाईललाई यो रुप दिनुहुने शान्तिनगर गाउपालिकाका स्वास्थ्यशाखा संयोजकतथा सह संयोजकलाईविशेष धन्यबाददिन चाहन्छु ।

मिथिलाशाह
उपाध्यक्ष
शान्तिनगर गाउपालिका

# शान्तिनगर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
### चिराघाट, दाङ
### ५ नं प्रदेश, नेपाल

## मेरो भन्नु

कुनै पनि विकासको मार्ग तयार गर्न योजनाको सही छनोट प्रभावकारी कार्यान्वयन, सरोकारवालाहरुको पूर्ण सन्तुष्टि सहितको उपयोग र निरन्तर अनुगमन एवं मूल्याङ्कन र दिगोपनाको लागि सही र वस्तुनिष्ट निर्णय लिन तथ्याङ्कको आवश्यकता पर्दछ । विगतबाट सिकेर वर्तमानको भोगाईका आधारमा भविष्यका लागि योजना तर्जुमा गर्नु वर्तमान पुनर्संरचित स्थानीय तहको पहिलो आवश्यकता हो भन्नेमा दुईमत हुन सक्दैन ।

वस्तुनिष्ठता र आवश्यकताको कसीमा योजनाहरू तथा कार्ययोजनाहरू अगाडि बढाउन नसकिएमा जनताले स्थानीय तहबाट राखेका अपेक्षा पुरा हुन सक्दैनन् । अझ स्वास्थ्य जस्तो सम्बेदनशिल क्षेत्रमा बस्तुनिष्ठ र आबश्यक्तामा आधारित योजना बनाउन नसकेमा गाउपालिकाको बिकास र जनअपेक्षा लाई सायदै पुरागर्न सकियला । यसैकारण वर्तमानको हाम्रो स्वास्थ्य स्थीति धरातलीय, सामाजिक, साँस्कृतिक तथा आर्थिक अवस्थाको पहिचान गरी भविष्यका आवश्यकता आँकलन गर्ने उद्देश्यका साथ यो अध्ययन प्रतिवेदन (गाउ स्वास्थ्य प्रोफाईल) सीमित समय तथा स्रोत र सीमाभित्र रही तयार गरिएको हो । यस गाउ स्वास्थ्य प्रोफाईललाई सामान्य रुपमा अध्ययन गर्ने जो कोहीले पनि यो गाउँपालिकाको स्वास्थ्यको वर्तमान अवस्था सहजै आँकलन गर्न सक्ने देखिन्छ । यो गाउ स्वास्थ्य प्रोफाईललाई एकातिर गाउँको स्वास्थ्य अबस्थाको ऐनाको रूपमा हेर्न सकिन्छ भने अर्कोतर्फ यसबाट हाम्रा सम्भावना र चुनौतिहरूलाई अवगत गर्ने माध्यमको रुपमा लिन सकिन्छ ।

गाउ स्वास्थ्य प्रोफाईल तयारीको क्रममा आफ्नो महत्वपूर्ण समय प्रदान गर्ने स्वास्थ्य शाखा संयोजक तथा उप संयोजक लगायत सम्पूर्ण स्वास्थ्यकर्मि, कर्मचारी, अध्यक्ष ज्यू, उपाध्यक्ष ज्यू, वडा अध्यक्ष ज्यू तथा सदस्यहरु, वडा सचिव साथीहरू, सामाजिक परिचालकहरू विभिन्न संघ/संस्थाका प्रमुख तथा अन्य कर्मचारीहरू लाई हार्दिक आभार व्यक्त गर्दछु ।

अन्तमा, यो गाउ स्वास्थ्य प्रोफाईल आफ्नो उद्देश्य प्राप्तिमा सफल रहोस् भन्ने सुभेच्छा व्यक्त गर्दछु ।

निम बहादुर के.सी<br>
प्रमुख प्रशासकिय अधिकृत<br>
शान्तिनगर गाउपालिका

# शान्तिनगर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
**चिराघाट, दाङ**
**५ नं प्रदेश, नेपाल**
**(आधारभूत स्वास्थ्य तथा सरसफाई शाखा)**

## हार्दिक कृतज्ञता

शान्तिनगर गाउपालिकाको स्वास्थ्य क्षेत्रमा तथ्याङ्कमा आधारित योजना निर्माणका लागि आबश्यकआधारभुत तथ्याङ्क सहितको गाउ स्वास्थ्य प्रोफाईल हजुरहरुको हात सम्म पुर्याउन पाउदा म अत्यन्त खुसी छु । यस स्वास्थ्य प्रोफाईलले गाउपालिकाका सबै वडाहरु र सिंगो गाउपालिकाको स्वास्थ्य अबस्थालाई झल्काउने प्रयास गरेको छ । स्थानिय सरकारको गठन पश्चात पहिलो पटक प्रकाशन गर्न लागिएको यस स्वास्थ्य प्रोफाईले आगामी दिनहरुमा स्वास्थ्य क्षेत्रमा बिकास गर्नुपर्ने सेवाको पहिचान गरि वडा हुदै गाउपालिका स्तरबाट स्वास्थ्यको बृहत योजना निर्माणमा सहयोग पुर्याउने छ भनी बिश्वास लिएको छु ।

यो स्वास्थ्य प्रोफाईल पहिलो पटक गाउपालिका बाट प्रकाशन गरिएको छ । यस प्रोफाईलमा धेरै भन्दा धेरै स्वास्थ्य क्षेत्रका सुचांकहरुलाई समाबेश गर्ने प्रयास गरिएको छ तर पनि प्रोफाईलमा धेरै कमिकमजोरीहरु हुनसक्छन त्यसैले अर्को पटक यस प्रोफाईललाई पुनः परिमाजन गरि प्रकाशन गर्नुपर्ने भएकोले यहांहरुको सल्लाह र सुझाबहरुको अपेक्षा राख्दछु ।

यो प्रोफाईल निर्माणका लागि आबश्यक रकम बिनियोजन गरि स्वास्थ्य प्रोफाईल निर्माणको पहल कदमी गर्ने आदरणीय व्यक्तित्व तथा यस गाउपालिकाका अध्यक्ष कमान सिं डागी साथै उपाध्यक्ष मिथिला शाह प्रति हार्दिक आभार व्यक्त गर्दछु । यसका साथै यस प्रोफाईल निर्माणमा मलाई मार्गदर्शन गर्नुहुने यस गाउपालिकाका प्रमुख प्रशासकिय अधिकृत निम बहादुर के.सी र लेखा अधिकृत टोप बहादुर पार्धे प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

साथै गाउ स्वास्थ्य प्रोफाईल निर्माण गर्दा आबश्यक प्रश्नावली निर्माण गर्न सहयोग गर्नुहुने यस गाउपलिकाका सह संयोजक घनश्याम पाण्डे, तथ्याङ्क संकलन गर्न सहयोग गर्नुहुने यस गाउपालिकाका सम्पुर्ण महिला स्वास्थ्य स्वयम सेबिकहरु, तथ्याङ्क प्रशोधन गर्न सहयोग गर्नुहुने शान्तिनगर स्वास्थ्य चौकी प्रमुख ईच्छा महत, धनौरी स्वास्थ्य चौकी प्रमुख हरिष कुमार डि.सी, बाघमारे स्वास्थ्य चौकी प्रमुख हेमराज वलि लगाएत गाउपालिका अर्न्तगत रहनु भएका सम्पुर्ण स्वास्थ्यकर्मिहरु र टाईपिङमा सहयोग गर्नुहुने ग्लोबल कम्युनिकेशनका प्रोप्राईटर राम बहादुर वलि लाई हार्दिक धन्यबाद ज्ञापन गर्दछु ।

अन्त्यमा यो प्रोफाईल निर्माणका लागि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने सम्पुर्ण सहयोगी हातहरु प्रति हार्दिक कृतज्ञता ।।।

“सबल, सक्षम र स्वस्थ नागरिकका लागि स्वास्थ्यमा लगानी”

हरि बहादुर पुनमगर

स्वास्थ्य संयोजक
शान्तिनगर गाउपालिका

# शान्तिनगर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
### चिराघाट, दाङ
### ५ नं प्रदेश, नेपाल
### (आधारभूत स्वास्थ्य तथा सरसफाई शाखा)

## हार्दिक कृतज्ञता

शान्तिनगर गाउपालिकाको स्वास्थ्य क्षेत्रमा तथ्याङ्कमा आधारित योजना निर्माणका लागि आबश्यकआधारभुत तथ्याङ्क सहितको गाउ स्वास्थ्य प्रोफाईल हजुरहरुको हात सम्म पुर्‍याउन पाउदा म अत्यन्त खुसी छु । यस स्वास्थ्य प्रोफाईलले गाउपालिकाका सबै वडाहरु र सिंगो गाउपालिकाको स्वास्थ्य अबस्थालाई झल्काउने प्रयास गरेको छ । स्थानिय सरकारको गठन पश्चात पहिलो पटक प्रकाशन गर्न लागिएको यस स्वास्थ्य प्रोफाईले आगामी दिनहरुमा स्वास्थ्य क्षेत्रमा बिकास गर्नुपर्ने सेवाको पहिचान गरि वडा हुदै गाउपालिका स्तरबाट स्वास्थ्यको बृहत योजना निर्माणमा सहयोग पुर्‍याउने छ भनी बिश्वास लिएको छु ।

यो स्वास्थ्य प्रोफाईल पहिलो पटक गाउपालिका बाट प्रकाशन गरिएको छ । यस प्रोफाईलमा धेरै भन्दा धेरै स्वास्थ्य क्षेत्रका सुचांकहरुलाई समाबेश गर्ने प्रयास गरिएको छ तर पनि प्रोफाईलमा धेरै कमिकमजोरीहरु हुनसक्छन त्यसैले अर्को पटक यस प्रोफाईललाई पुनः परिमाजन गरि प्रकाशन गर्नुपर्ने भएकोले यहांहरुको सल्लाह र सुझाबहरुको अपेक्षा राख्दछु ।

यो प्रोफाईल निर्माणका लागि आबश्यक रकम बिनियोजन गरि स्वास्थ्य प्रोफाईल निर्माणको पहल कदमी गर्ने आदरणीय ब्यक्तित्व तथा यस गाउपालिकाका अध्यक्ष कमान सिं डागी साथै उपाध्यक्ष मिथिला शाह प्रति हार्दिक आभार ब्यक्त गर्दछु । यसका साथै यस प्रोफाईल निर्माणमा मलाई मार्गदर्शन गर्नुहुने यस गाउपालिकाका प्रमुख प्रशासकिय अधिकृत निम बहादुर के.सी र लेखा अधिकृत टोप बहादुर पार्धे प्रति हार्दिक कृतज्ञता ब्यक्त गर्दछु ।

साथै गाउ स्वास्थ्य प्रोफाईल निर्माण गर्दा आबश्यक प्रश्नावली निर्माण गर्न सहयोग गर्नुहुने यस गाउपलिकाका सह संयोजक घनश्याम पाण्डे, तथ्याङ्क संकलन गर्न सहयोग गर्नुहुने यस गाउपालिकाका सम्पुर्ण महिला स्वास्थ्य स्वयम सेबिकहरु, तथ्याङ्क प्रशोधन गर्न सहयोग गर्नुहुने शान्तिनगर स्वास्थ्य चौकी प्रमुख ईच्छा महत, धनौरी स्वास्थ्य चौकी प्रमुख हरिष कुमार डि.सी, बाघमारे स्वास्थ्य चौकी प्रमुख हेमराज वलि लगाएत गाउपालिका अर्न्तगत रहनु भएका सम्पुर्ण स्वास्थ्यकर्मिहरु र टाईपिङमा सहयोग गर्नुहुने ग्लोबल कम्युनिकेशनका प्रोप्राईटर राम बहादुर वलि लाई हार्दिक धन्यबाद ज्ञापन गर्दछु ।

अन्त्यमा यो प्रोफाईल निर्माणका लागि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने सम्पुर्ण सहयोगी हातहरु प्रति हार्दिक कृतज्ञता ।।।

"सबल, सक्षम र स्वस्थ नागरिकका लागि स्वास्थ्यमा लगानी"

हरि बहादुर पुनमगर

स्वास्थ्य संयोजक

शान्तिनगर गाउपालिका

## सार संक्षेप

### परिचय

यो स्वास्थ्य प्रोफाईल शान्तिनगर गाउपालिकाको स्वास्थ्यको बर्तमान अवस्था बारे जानकारी गराउनका लागि निर्माण गरिएको छ । यस प्रोफाईलमा शान्तिनगर गाउपालिकामा सन्चालित सबै कार्यक्रमहरुको कृयाकलाप र प्रगतिलाई समाबेश गरिएको छ । यस प्रोफाईलमा साबिका बाघमारे, शान्तिनगर र धनौरी गा.बि.सहरुको प्रगतिलाई समायोजन गरि आ.ब २०७२/७३ र २०७३/७४ को शान्तिनगर गाउपालिकाको आ.ब २०७२/७३ र २०७३/७४ को प्रगतिको रुपमा समाबेश गरिएको छ ।

यस प्रोफाईलमा शान्तिनगर गाउपालिका मा रहेका ४८ जना महिला स्वास्थ्य स्वयम सेबिका द्वारा संकलन गरिएका तथ्याङ्क गाउपालिका अर्न्तगत रहेका ३ वटा बाघमारे, शान्तिनगर र धनौरी स्वास्थ्य चौकीको प्रगति प्रतिबेदन, गाउपालिकामा सन्चालित ११ वटा गाउघर क्लिनिक, १४ वटा खोपकेन्द्रहरु को प्रगतिको बिबरणलाई पनि समाबेश गएिको छ ।

## कार्यक्रमहरु

### खोप कार्यक्रम

खोप कार्यक्रम नेपालको सबै भन्दा बढि प्रभाबकारी र उच्च प्राथमिकता दिईएको कार्यक्रम हो । हाल शान्तिनगर गाउपालिकामा मा १ वटा चिस्यान उपकेन्द रहेको छ । यस गाउपालिकामा हाल नेपाल सरकार द्वारा प्रदान गरिदै आएका ११ प्रकारका रोग बिरुद्धका खोपहरु उपलब्ध हुने गर्दछन । यस आ.ब.मा बि.सि.जि ८४%, पेन्टाभ्यालेन्ट – पहिलो ८६%, पोलियो पहिलो मात्र – ८६%, पेन्टाभ्यालेन्ट – तेस्रो ८५%, पोलियो पहिलो मात्र – ८५%, पि.सि.बि – तेस्रो ७६%, दादुरा रुबेला – पहिलो ७६%, जे.ई. – ९१%, टि.डि दोस्रो – ८७% लक्षित बर्गले खोप पाएका छन । यस गाउपालिकाको खोपको अबस्थामा उल्लेख्य सुधार भएता पनि अझै बि.सि.जि र दादुराको ड्रपआउट ८% छ भने डि.पि.टि पहिलो र डि.पि.टि तेस्रोको ड्रपआउट १% छ । हाल शान्तिनगर गाउपालिकामा पुर्णखोप पाएका बालबालिकाहरु ८३% रहेको छ ।

### पोषण कार्यक्रम

नेपालले तय गरेको दिगो बिकास लक्ष्यको प्रमुख आधार नै पोषण कार्यक्रम हो । शान्तिनगर गाउपालिकामा ६०%, ०–११ महिना सम्मका बालबालिकाहरुको र ४७%, १२–२३ महिना सम्मका बालबालिकाहरुको तौल मापन गरिएको थियो जस मध्ये ४.४% बालबालिकाहरु कम तौलका छन । यस गाउपालिकामा MUAC मापन अनुसार ०.५% बालबालिकाहरु कडा कुपोषित र २.३% बालबालिकाहरु मध्यम कुपोषणको अबस्थामा रहेका छन । त्यस्तै शान्तिनगर गाउपालिकामा १८० आईरन चक्कि खाने गर्भवतिहरु ५६% र जुकाको औषधि खाने गर्भवति महिलाहरु ९४% रहेका छन । यस गाउपलिकाको Vitamin – A र जुकाको औषधिको आम बितरण अभियानको प्रगति ९०% भन्दा बढि रहेको छ ।

### समुदायमा आधारित नबजात शिशु तथा बालरोगको एकिकृत ब्यबस्थापन कार्यक्रम

नेपालमा उच्च रहेको नबजात शिशुदर र बाल मृत्युदर कम गर्नका लागि सन्चालित कार्यक्रम नै समुदायमा आधारित नबजात शिशु तथा बालरोगको एकिकृत ब्यबस्थापन कार्यक्रम हो । हाल को तथ्याङ्क अनुसार शान्तिनगर गाउपालिकामा ५ बर्ष मुनिका बालबालिकाहरु मध्ये ३३३ प्रतिहजार बालबालिकाहरु स्वास प्रश्वासको संक्रमण बाट ग्रसित रहेका छन जस मध्ये १२% मा निमोनिया रहेको छ तर यस आ.ब मा यस गाउपालिकामा नबजात तथा बाल मृत्युदर सुन्य रहेको छ । त्यसै गरि यस गाउपालिकामा १८८ प्रति हजार ५ बर्ष मुनिका बालबालिकाहरु झाडापखाला बाट ग्रसित भएका छन तर कुनै पनि बालबालिकामा कडा जलबियोजन भएको छैन । सत प्रतिशत झडापखालाका बिरामीहरुले जिबनजल र जिंक चक्कि पाएको यस गाउपालिकामा सुन्य नबजात तथा बालमृत्यु दर रहेका छ ।

### परिवार नियोजन कार्यक्रम

शान्तिनगर गाउपालिकामा रहेका ३ वटा बाघमारे, शान्तिनगर र धनौरी स्वास्थ्य चौकी बाट अस्थायी परिवार नियोजनका सबै साधनहरु जस्तै कन्डम, पिल्स, डिपो, ईम्पलान्ट र आई.यू.सि.डि सेवा उपलब्ध छ भने गाउपालिका बाट सन्चालित वडा स्वास्थ्य केन्द्र बाट कन्डम, पिल्स र डिपो सेवा मात्र प्रदान गरिन्छ तर यस गाउपालिका अर्न्तगत रहेका कुनै पनि स्वास्थ्य संस्थाबाट परिवार नियोजनको स्थायी साधन उपलब्ध नहुने भएको ले यी सेवाहरुको लागि गाउपालिका अर्न्तगत रहेका स्वास्थ्य संस्थाहरुले अन्य निकायमा प्रेषण गर्ने गर्दछन । हाल शान्तिनगर गाउपालिकामा परिवार नियोजनको साधनको नया प्रयोग दर ७% र जम्मा प्रयोगदर २२% रहेको छ ।

### सुरक्षित मातृत्व कार्यक्रम

शान्तिनगर गाउपालिकामा बर्थिङ सेन्टरको रुपमा सन्चालित ३ वटा बाघमारे, शान्तिनगर र धनौरी स्वास्थ्य चौकीबाट सुरक्षित प्रशुति सेवा प्रदान गरिदै आएको छ । यी ३ वटै स्वास्थ्य संस्थामा दक्ष प्रशुतिकर्मिको समेत व्यबस्था गरिएको छ । हाल शान्तिनगर गाउपालिका सत प्रतिशत गर्भवतिहरु ले कम्तिमा १ पटक गर्भजाँच गरेको पाईएको छ भने प्रोटोकोल अनुसार ४ पटक गर्भजाँच गराउने जम्मा ५५% मात्र रहेका छन । यस गाउपालिका जम्मा सुत्केरी मध्ये १५% ले मात्र गाउपालिकामा रहेका स्वास्थ्य संस्थाहरुमा रहेका दक्ष प्रशुतिकर्मिबाट प्रशुति सेवा ७८% सुत्केरी आमाहरुले मात्र सुत्केरी पश्चातको पुर्ण सेवा लिएका छन र साथै स्वास्थ्य चौकीमा प्रशुति भएका सबै सेवाग्राहिहरुले प्रोत्सहान रकम र न्यानो झोला प्राप्त गरेका छन । हाल शान्तिनगर गाउपालिकामा सुन्य नबजात शिशु मृत्युदर रहेको छ भने मातृ मृत्युदर २०९ प्रति लाख रहेको छ ।

### महिला स्वास्थ्य स्वयम सेबिका कार्यक्रम

स्वास्थ्य सेवामा सामुदायिक सहभागिताको महत्व अंगिकार गरि सन्चालन गरिएको कार्यक्रम हो महिला स्वास्थ्य स्वयम सेबिका कार्यक्रम । शान्तिनगर गाउपालिकामा जम्मा ४८ जना महिला स्वास्थ्य स्वयम सेबिकाहरु रहेका छन जस मध्ये शान्तिनगर र बाघमारे स्वास्थ्य चौकीमा १४/१४ जना र धनौरीमा २० जना महिला स्वास्थ्य स्वयम सेबिकाहरु रहेका छन । महिला स्वास्थ्य स्वयम सेबिकहरुले मुख्य गरि समुदायमा सरकार द्वारा सन्चालित स्वास्थ्य कार्यक्रमहरुको जानकारी गराउने, स्वास्थ्य शिक्षा दिने, बिरामीहरु लाई स्वास्थ्य संस्थामा प्रेषण गर्ने, झडापखालाका बिरामीहरुलाई जिबनजल र जिङ्क चक्कि बितरण गर्ने, आमा समुहको बैठक सन्चालन गर्ने आदि काम गर्ने गर्दछन । यस गाउपालिकामा हाल ९४% आमा समुहको बैठक सन्चालन भएका छन भने, महिला स्वास्थ्य स्वयम सेबिकाहरु द्वारा १६६७ जना सेवाग्राहिहरु लाई सेवा प्रदान गरिएको छ ।

### गाउघर क्लिनिक कार्यक्रम

स्वास्थ्य चौकीको पहुच भन्दा बाहिर रहेको समुह र बस्तिलाई स्वास्थ्य सेवाको पहुच भित्र ल्याउनका लागि गाउघर क्लिनिक सन्चालन गरिन्छ । हाल शान्तिनगर गाउपालिकामा बाघमारे स्वास्थ्य चौकी द्वारा ३ ठाउमा, शान्तिनगर स्वास्थ्य चौकी द्वारा ४ ठाउमा र धनौरी स्वास्थ्य चौकी द्वारा ४ ठाउमा गरि जम्मा ११ ठाउमा गाउघर क्लिनिक सन्चालन भै रहेका छन । शान्तिनगर गाउपालिकामा यी गाउघर क्लिनिकहरु प्रत्येक महिनाको २१ गते देखि २४ गते सम्म सन्चालन हुने गर्दछन । यस आ.ब.को हाल सम्म शान्तिनगर गाउपालिकामा ९२% गाउघर क्लिनिक सन्चालन भएका छन जसबाट २००३ भन्दा बढि सेवाग्राहिहरुले स्वास्थ्य सेवा पाएका छन ।

## रोग नियन्त्रण

### औलो रोग

शान्तिनगर गाउपालिका औलो रोगको लागि मध्यम जोखिम भएको क्षेत्र हो । त्यसैले यस गाउपालिकामा रहेका बाघमारे, शान्तिनगर र धनौरी स्वास्थ्य चौकीमा औलो रोगका संकास्पद बिरामीको

रगत जाँच सेवा उपलब्ध छ तर औलो रोगको Conform गर्नका लागि आबश्यक ल्याब सेवा शान्तिगर स्वास्थ्य चौकीमा मात्र सन्चालन गरिएको छ । यस आ.ब.को हाल सम्ममा कुनै पनि औलो रोगका बिरामीहरु को पहिचान भएको छैन ।

**हात्तिपाईले रोग**

दाङ जिल्लामा २०७४ को Pre RE – Task Survey अनुसार यस रोगको प्रकोप दर ६% देखिएको छ । शान्तिनगर गाउपालिका पनि यस रोगको लागि जोखिम क्षेत्र हो । नेपाल सरकार द्वारा हात्तिपाईले रोग निवारणका लागि सन्चालन गरिएको हात्तिपाईले रोग बिरुद्व ६ बर्ष सन्चालन भएको आम औषधि बितरण कार्यक्रम यस गाउपालिकामा सन्चालन भई यस आ.ब. मा सबै चरण पुरा गरेको छ। यस आ.ब. मा सन्चालन भएको आम औषधि बितरण कार्यक्रममा ७२% ले यस रोग बिरुद्धको औषधि सेवन गरेका छन । हाल यस गाउपालिकामा हात्तिपाईले रोगका संकास्पद बिरामीको संख्या ६३ जना रहेको छ तर यी बिरामीहरुमा हात्तिपाईले रोगको सुनिश्चित भने भैसकेको छैन ।

**क्षयरोग**

गरिब र बिपन्न बर्गमा उचित पोषणको कमिले गर्दा देखिने यस रोगको प्रकोप शान्तिनगर गाउपालिका मा पनि उच्च रहेको छ। हाल शान्तिनगर गाउपालिका जम्मा २१ जना क्षयरोगका बिरामीहरु उपचाररत रहेका छन जस मध्ये ५७% बिरामीहरु खकार पोजेटिभ टि.बिका बिरामीहरु रहेका छन जस्को रोग सार्ने दर उच्च रहेको हुन्छ । यस गाउपालिकामा क्षयरोगको पहिचानका लागि गाउपालिका द्वारा २ ठाउमा माईक्रोस्कोपिक क्याम्प सन्चालन गरिएको थियो र पहिचान भएका सबै क्षयरोगका बिरामीहरुको DOTS पद्धति द्वारा उपचार सेवा प्रदान गरिएको छ । हाल शान्तिनगर गाउपलिकामा MDR TB उपचार केन्द्र नभएको ले MDR TB का बिरामीहरु को यकिन भने हुन सकेको छैन ।

**कुष्ठरोग**

यो रोग नेपालको सबै भन्दा पुरानो रोग हो । नेपालमा यस रोगको प्रकोप दर <१/१०,००० रहेको र शान्तिनगर गाउपालिकामा पनि यस रोगको प्रकोप दर ०.३ प्रति दशहजार छ जुन नेपाल ले यस रोगको निवारणका लागि निर्धारण गरेको लक्ष्य भन्द काम हो । यस गाउपालिकामा रहेका कुष्ठरोगका बिरामीहरु सबै MB Type का छन जुन सजिलै संग एक रोगी ब्यक्ति बाट अर्को ब्यक्तिमा सर्ने गर्दछ । यो रोग मुख्य गरि बिरामीको थुक, र्‍याल र प्रत्यक्ष सर्म्पकबाट सर्ने गर्दछ ।

**एच.आई.भि/एड्स**

यो रोग नेपालमा कुनै निश्चित समुह जस्तै देहब्यापार मा संलग्न ब्यक्ति र तिनीहरुका ग्राहक, लागु पदार्थको दुर्बेशनीमा रहेका ब्यक्तिहरु आदिमा महामारी रुपमा रहेको छ। यो असुरक्षित यौन सम्पर्क, असुरक्षित रगतको प्रयोग वा रक्तदान, निर्मलिकरण नगरिएका औजारहरु र संक्रमित आमा बाट बच्चामा सर्ने गर्दछ । यो रोगको न्युनिकरण गर्नका लागि नेपाल सरकार द्वारा यो रोग सर्ने माध्याम लाई लक्षित गरि बिभिन्न प्रकारका सेवाहरु सन्चालन गरेको छ जस्तै, PMTCT सेवा

शान्तिनगर गाउपालिकामा हाल ३ वटा PMTCT सेवा केन्द्र रहेका छन जस्ले एच.आई.भि. संक्रमित गर्भवति महिलाहरुको पहिचान गरि बच्चामा एच.आई.भि सर्न सक्ने सम्भाबना लाई कम गर्ने गर्दछ । राप्ति अंचल अस्पताल मा रहेको एच.आई भि.को ए.आर.टि उपचार केन्द्रको पछिल्लो तथ्याङ्क अनुसार यस गाउपालिकाका जम्मा ९ जना (३ जना साबिक शान्तिनगर, २ जना साबिक बाघमारे र ४ जना साबिक धनौरी) एच.आई.भि का बिरामीहरु रहेका छ ।

**उपचारात्मक सेवा**

शान्तिनगर गाउपालिकामा रहेका स्वास्थ्य चौकीहरुले प्रतिकारात्मक र प्रर्बधनात्मक सेवा संगसंगै उपचारात्मक सेवा पनि सन्चालन गर्ने गर्दछन । शान्तिनगर गाउपालिकामा रहेका स्वास्थ्य संस्थाहरुले यस आ.ब. मा जम्मा ८०७१ बिरामीहरुलाई उपचारात्मक सेवा प्रदान गरेका छन जस मध्ये ६२% महिलाहरु र ७% जेष्ठ नागरिकहरु रहेका छन । हाल शान्तिनगर गाउपालिकाको कोरा मृत्युदर १.२ रहेको छ ।

**बिषयसुचि**


**खण्ड १: भुमिका** **१–३**

१.१ परिचय १

१.२ शान्तिनगर गाउपालिकाको स्वास्थ्य प्रोफाईल तयारीका उदेश्यहरु १

१.३ अध्ययनको महत्व २

१.४ अध्ययनको औचित्य २

१.५ गाउपालिका स्वास्थ्य प्रोफाईल तयारी बिधि २

१.६ अध्ययनका सिमाहरु ३

**खण्ड २: परिचय** **४–६**

२.१ जिल्लाको परिचय ४

२.२ शान्तिनगर गाउपालिको परिचय ४

२.३ शान्तिनगर गाउपालिकाको स्वास्थ्यको बस्तुस्थिति ६

**खण्ड ३: बाल स्वास्थ्य** **७–९**

३.१ खोप कार्यक्रम ७

३.२ पोषण कार्यक्रम ७

३.३ समुदायमा आधारित नबजात तथा बालरोगको एकिकृत ब्यबस्थापन ८

**खण्ड ४: परिवार स्वास्थ्य कार्यक्रम** **१०–१५**

४.१ परिवार नियोजन कार्यक्रम १०

४.२ सुरक्षित मातृत्व तथा नबजात शिशु स्वास्थ्य १०

४.३ महिला स्वास्थ्य स्वयम सेबिका कार्यक्रम ११

४.४ गाउँघर क्लिनिक कार्यक्रम १४

४.५ किशोरकिशोरहरुको लागि यौन तथा प्रजनन् स्वास्थ्य १५

**खण्ड ५: रोग नियन्त्रण** **१६–२०**

५.१ औलो १६

५.२ कालाजार १६

५.३ हात्तिपाईले (लिम्फ्याटिक फाईलेरियासिस) १७

५.४ क्षयरोग नियन्त्रण कार्यक्रम १७

५.५ कुष्ठरोग नियन्त्रण कार्यक्रम १८

५.६ एच.आई.भि. / एड्स तथा यौनरोग १९

**खण्ड ६: अन्य कार्यक्रमहरु** **२१–२६**

६.१ मानब स्रोत ब्यबस्थापन २१

६.२ भौतिक संरचन तथा अन्य पुर्बाधार २२

६.३ आर्थिक ब्यबस्थापन २३

**खण्ड ७: उपचारात्मक सेवा** **२७**

**खण्ड ८: सहयोगी निकायहरु** **२८**

| तालिका नं. | पेज नं. |
|---|---|
| तालिका नं. १: गाउपालिकाको जनसाङ्ख्किक बिबरण | ५ |
| तालिका नं. २: गाउपालिकाको खोपको प्रगति बिबरण | ७ |
| तालिका नं. ३: गाउपालिकाको पोषण अबस्था | ८ |
| तालिका नं. ४: नबजात शिशु तथा बालरोगको एकिकृत बिबरण | ९ |
| तालिका नं. ५: गाउपालिकाको परिवार नियोजनको बिबरण | १० |
| तालिका नं. ६: गाउपालिकाको सुरक्षित मातृत्वको अबस्था | ११ |
| तालिक नं. ७: महिला स्वास्थ्य स्वयम सेबिकाहरुको बिबरण | १२ |
| तालिका नं. ८: महिला स्वास्थ्य स्वयम सेबिका कार्यक्रमको बस्तुस्थिती | १३ |
| तालिका नं. ९: शान्तिनगर गाउपालिकाको गाउघर क्लिनिकको बिबरण | १४ |
| तालिका नं. १०: गाउघर क्लिनिकको प्रगति बिबरण | १५ |
| तालिका नं. ११: गाउपालिकाको औलोरोगको बर्तमान अबस्था | १६ |
| तालिका नं. १२: गाउपालिकाको हात्तिपाईले रोगको अबस्था | १७ |
| तालिका नं. १३: गाउपालिकाको क्षयरोगको बर्तमान अबस्था | १८ |
| तालिका नं. १४: गाउपालिकाको कुष्ठरोगको अबस्था | १९ |
| तालिका नं. १५: गाउपालिकाको एच.आई.भि/एड्सको अबस्था | २० |
| तालिका नं. १६: गाउपालिकाको स्वास्थ्य मानबस्रोतको बिबरण | २१ |
| तालिका नं. १७: गाउपालिकाका स्वास्थ्य चौकीहरुको भौतिक संरचना | २२ |
| तालिका नं. १८: गाउपालिकाका वडा स्वास्थ्य केन्द्रहरुको भौतिक संरचना | २२ |
| तालिका नं. १९: गाउपालिकाको स्वास्थ्य तर्फका कार्यक्रमहरु | २३ |
| तालिका नं. २०: गाउपालिकाको उपचारात्मक कार्यक्रमको बिबरण | २७ |
| तालिका नं. २१: गाउपालिकामा देखिएका मुख्य रोगहरु | २८ |

# खण्ड – १
# भुमिका

## १.१ परिचय

संघिय गणराज्य नेपालको स्थापना पश्चात नेपालमा रहेको प्रशासनिक तथा कार्यसन्चालनको संरचना परिबर्तन भएको छ । जस्ले स्थानिय तहको स्थापना गरि स्वास्थ्य जस्तो अति संबेदनशिल क्षेत्रको महत्वपुर्ण सेवाको रुपमा भएको आधारभुत स्वास्थ्य तथा सरसफाई लाई रक्षा गर्ने अधिकार प्रदान गरेको छ । नेपाली जनताको आधारभुत स्वास्थ्य सेवाको सुनिश्चितता गर्न शान्तिनगर गाउपालिकाको प्रयोजनका लागि गाउपालिकाको स्वास्थ्यको बस्तुस्थिति झल्कने गरि गाउपालिकाको स्वास्थ्य प्रोफाईल तयार गर्न लागिएको हो । भरपर्दो तथ्यांकीय आधार नै वैज्ञानिक योजना पद्धतिको जग हो । तुलनात्मक अध्ययन, अनुसन्धान, विश्लेषण, विवेचना गर्न सम्भावनाहरुको खोजी गर्न सहि तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुनाले गाउँपालिकाको स्वास्थ्यको तथ्यगत स्थिति झल्कने गरी उपलब्ध भएसम्मका सूचनाहरुलाई व्यवस्थित ढंगले संकलन गरी यो गाउँपालिका स्वास्थ्य प्रोफाईल तयार गरिएको छ । गाउँपालिका क्षेत्रमा रहेका आम नागरिकका लागि राज्यको अनुभूती दिलाउने तथा सम्पूर्ण नेपालीहरुलाई समान रुपमा स्तरिय आधारभुत स्वास्थ्य सेवा प्रदान गर्न स्थानीय सरकारको रुपमा नेपालका गाउँपालिका तथा नगरपालिकाहरुले काम गरिरहेका छन् । भौगोलिक अवस्थिती भौतिक विकास एवं सामाजिक सेवाको पहूँचका आधारमा राजनैतिक तवरबाट विभाजित भौगोलिक परिधीलाई गाउँपालिका/नगरपालिका क्षेत्र भनिन्छ । बहुभाषिक तथा बहुसांस्कृतिक समाज बीचको सामञ्जस्यताकासाथ स्थानिय जनताकै अग्रसरता र आवश्यकतामा आधारित विकास कार्यक्रमको चुस्त कार्यान्वयन एवं सेवाग्राहीलाई सुलभ तथा निष्पक्ष सेवा प्रवाह गर्ने मुख्य अभिप्रायले आएको स्थानीय निकायको पुर्नसंरचना अनुसार स्वास्थ्य सेवाको अनूभुती ग्रामीण तथा नगर क्षेत्रका जनतासम्म पुऱ्याउने योजना अनुरुप स्थानीय तहको स्वास्थ्यको बर्तमान अवस्था र स्वास्थ्य सेवाको पहुत र उपभोग बारे जानकारी लिएर योजनाबद्ध ढंगले स्वास्थ्यको सर्वाङ्गीण विकास गर्न सजिलो होस् भन्ने उद्देश्यले यस गाउपालिकाले स्वास्थ्य प्रोफाईल तयार गर्ने कार्यक्रम तय गरेको र सोही सिलसिलामा यो अध्ययन सञ्चालन भएको हो । यस अध्ययनले गाउँपालिकाको वस्तुस्थिती सम्वन्धि वस्तुगत रुपमा तथ्यपरक ढंगले संकलन गरिएको सूचनाका आधारमा वैज्ञानिक प्रविधीको उपयोग गर्दै वास्तविकतामा आधारित जानकारीहरु समेटी व्यवस्थित रुपमा यथार्थता प्रस्तुत गरी गाउँ कार्यपालिका र अन्य सरोकारवालाहरुलाई अल्पकालिन तथा दिर्घकालिन प्रकृतिका स्वास्थ्य सम्बन्धि विकासका कार्यक्रमहरुको संचालनमा भरपुर सहयोग पुऱ्याउनेछ ।

## १.२ शान्तिनगर गाउपालिकाको स्वास्थ्य प्रोफाईल तयारीका उदेश्यहरु

गाउपालिकाको स्वास्थ्य प्रोफाईल मुलतः शान्तिनगर गाउपालिकाको स्वास्थ्य तर्फको आगामि निति तथा कार्यक्रम, योजना तर्जुमा गर्नका लागि आबश्यक तथ्याङ्किय आधार सिर्जना गर्नका लागि तयार गरिएको हो । यसले स्वास्थ्य तर्फका योजना तथा कार्यक्रमको निर्माण कार्यान्वयन, अनुगमन, मूल्याङ्कन जस्ता कुराको लेखाजोखा गर्न मद्दत गर्नेछ ।

- गाउपालिका भित्रको बर्तमान स्वास्थ्य अबस्था बारे जानकारी गराउने ।
- गाउपालिका भित्रका स्वास्थ्य समस्याहरु बारे अबगत गराउने ।
- गाउपालिकाको जनसाङ्ख्यीक बस्तुस्थिति बारे जानकारी गराउने ।
- गाउपलिका भित्रका बच्चाहरुको खोप उपभोग बारे अबगत गराउने ।
- गाउपालिका भित्र रहेक ५ बर्ष मुनिका बच्चाहरुको पोषण अबस्था बारे जानकारी गराउने ।
- गाउपालिका भित्रको सुरक्षित मातृत्व बारे जानकारी गराउने ।
- गाउपालिका को मृत्यु दर बारे जानकारी गराउने ।

- गाउँपालिका स्तरमा सञ्चालित स्वास्थ्य कार्यक्रमको पृष्ठपोषण प्रदान गरी आगामी कार्यक्रमको लागि मार्गनिर्देश गर्ने ।
- गाउँपालिकाको भावि स्वास्थ्य संग सम्बन्धित योजना तथा कार्यक्रम र नीति निर्माणको कामलाई आधार प्रदान गर्ने ।

## १.३ अध्ययनको महत्व

शान्तिनगर गाउपालिका मा स्वास्थ्यका कार्यक्रमहरुको भावी योजना तथा निति निर्माणको कामलाई आधार प्रदान गर्ने उद्देश्यका साथ तयार गरिएको स्वास्थ्य प्रोफाईलले तुलनात्मक मूल्याङ्कनका लागि शान्तिनगर गाउपालिकाको बस्तुस्थिति बारे जानकारी गराउदछ । तथ्याङ्किय आधारबिनाको योजना केवल कोरा योजनामा सिमित हुने भएकोले स्वास्थ्यका योजनाहरुलाईृ बैधानिकता प्रदान गरि तथ्यपरक योजना तथा कार्यक्रम निर्माणका लागि गाउपालिका स्तरिय स्वास्थ्य प्रोफाईल निर्माण तथा अध्ययन गर्न जरुरी छ । बिगत र बर्तमान अबस्थाको स्वास्थ्य सुचाङ्कहरुको अध्ययन तथा बिश्लेषण गरी भविष्यको स्वास्थ्य अबस्था बारे लक्ष्य निर्धारण गरि आबश्यकतामा आधारीत स्वास्थ्य कार्यक्रमहरुको योजना निर्माणका लागि यस प्रकारका अध्ययन गर्न जरुरी छ । स्वास्थ्यको विकासमा विभिन्न आयामहरुको आवस्यकतामा आधारित विकासका कार्यक्रम तथा रणनैतिक योजना तर्जुमा गर्नका लागि यस अध्ययनले शान्तिनगर गाउँ कार्यपालिकालाई सहयोग गर्नुका साथै समानुपातिक विकासमा अन्य सरोकारवालाहरुलाई समेत यस क्षेत्रको तथ्यपरक जानकारी प्रदान गर्दछ । यसका अलावा यस पालिका स्तरको स्वास्थ्य प्रोफाईलको यो अध्ययन सम्बन्धित क्षेत्रका संघ संस्था एवं अनुसन्धानकर्ता, योजनाकार, स्वास्थ्यकर्मि, समाजसेवी लगायत सरोकारवालाहरुलाई उपयोगी हुने भएकोले यस अध्ययनको महत्व रहेको विषय प्रस्ट हुन्छ ।

## १.४ अध्ययनको औचित्य

स्थानिय जनताको स्वास्थ्यको आबश्यक्तालाई पुरा गर्न जनसहभागितामा आधारित विकासात्मक कार्यक्रमलाई प्रोत्साहन गर्न नेपाल सरकारले स्थानीय सरकारलाई अनुदान दिएको छ । उक्त अनुदान रकमलाई तथ्य परक योजनामा आधारित कार्यक्रम सन्चलनका लागि गाउपालिकाको स्वास्थ्य प्रोफाईल तयार गर्नु एक महत्वपुर्ण कार्य हो । यस कार्यले वर्तमानको यथार्थलाई विश्लेषण गरी सोको आधारमा गाउँ कार्यपालिकाले उपलब्ध श्रोत साधनको व्यवस्थापन र उचित कार्यक्रमहरुको तर्जुमा, कार्यन्वयन एव् अनुगमन मुल्याङ्कनका निम्ती मार्गदर्शकको काम गर्ने हुनाले यो अध्ययनको औचित्य रहन्छ ।

## १.५ गाउपालिका स्वास्थ्य प्रोफाईल तयारी बिधि

यो प्रोफाईल तयारीको लागि स्वास्थ्य सेवाका अधारभुत स्तम्भका रुपमा रहेका महिला स्वास्थ्य स्वयम् सेबिकाहरु लाई परिचालन गरि कुल पारिवारिक सर्बेक्षण बिधिका माध्याम बाट प्राथमिक ( Primary ) तथ्याङ्क संकलन गरिएको छ । भने साथै यस प्रोफाईल निर्माणका लागि आबश्यक द्वितिय ( Secondary ) सुचनाहरु समेत प्रयोग गरिएको छ । यो एक कुल पारिवारिक सर्बेक्षण बिधिबाट तयार गरिएको यस बिधि अर्न्तगत महिला स्वास्थ्य स्वयम् सेबिकाहरु द्वारा शान्तिनगर गाउपालिकामा रहेका सबै घरधुरीमा पुगि आबश्यक तथ्याङ्क संकलन गरिएको छ र ५ बर्ष मुनिका बच्चाहरुको पोषण अबस्थाको पहिचानका लागि केहि प्राबिधिक सिपहरुको ( MUAC नाप्ने बिधि ) प्रयोग गरिएको छ । यो प्रफाईल निर्माण गर्दा जिल्ला जनस्वास्थ्य कार्यालय दाङ द्वारा तयार गरिएको District प्रोफाईल को तथ्याङ्क, यस गाउपालिका को आ.ब २०७४/७५ बार्षिक समिक्षाको प्रतिबेदन समेत समाबेश गरिएको छ । गाउँपालिकाका समग्र तथ्याङ्कहरू जस्तै भौतिक, वातावरणीय, सामाजिक, आर्थिक, वित्तीय एवं संस्थागत तथ्याङ्कहरू गाउँपालिका कार्यालय लगायत गाउँपालिका स्थित सरकारी

एवं गैरसरकारी कार्यालयहरूको रेकर्डबाट र केही तथ्याङ्कहरू विभाग तथा अन्य निकायहरूबाट प्रकाशित प्रतिवेदन एवं पुस्तकहरू अध्ययन गरी संकलन गरिएको छ ।

**१.६ अध्ययनका सिमाहरु**

शान्तिनगर गाउपालिका द्वारा योजना गरिने स्वास्थ्य कार्यक्रमहरुलाई यथार्थ परक र तथ्यमा आधारित बनाउनका लागि तयार गरिएको शान्तिनगर स्वास्थ्य प्रोफाईल धेरै जस्तो प्राथमिक तथ्याङ्क र केहिमात्रामा राष्ट्रिय स्वास्थ्य सर्बेक्षण को तथ्याङ्क, जिल्ला जनस्वास्थ्य कार्यालयको बार्षिक समिक्षाको तथ्याङ्क आदि बाट प्राप्त द्वितिय तथ्याङ्कहरुको प्रयोग गरेर तयार गरिएको छ । यस अध्ययनमा तथ्याङ्क संकलनका लाीग स्वास्थ्यको आधार स्तम्भको रुपमा रहेका महिला स्वास्थ्य स्वयम् सेबिकाहरु लाई प्रयोग गरिएको थियो । महिला स्वास्थ्य स्वयम् सेबिकाको अनुभब र शैक्षिक स्तरले यस अध्ययनको स्तर लाई समेत जनाएको छ । यस अध्ययनमा सबै प्रकारका स्वास्थ्य सुचकहरुलाई सरल तरिकाले प्रश्तुत गर्ने प्रयास गरिएको छ । यस अध्ययनमा प्रयोग गरिएका सुचकहरु यस शान्तिनगर गाउपालिकामा रहेका स्वास्थ्य संस्थाहरुले प्राप्त गरेको सुचकहरुको प्रशोधन गरि गाउपालिकाको स्वास्थ्य प्रोफाईलमा प्रयोग गरिएको छ ।

वैज्ञानिक योजना पद्धतिका लागि विश्वसनीय तथा भरपर्दो तथ्याङ्कीय आधार नै महत्वपूर्ण हुन्छ । तुलनात्मक अध्ययन, अनुसन्धान, विश्लेषण, विवेचना गर्न सम्भावनाहरूको खोजी गर्न सही तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुनाले पालिकामा रहेका स्वास्थ्य संस्थाहरूको तथ्यगत स्थिति झल्कने गरी उपलब्ध भएसम्मका सूचनाहरूलाई व्यवस्थित ढंगले सङ्कलन गरी यो स्वास्थ्य प्रोफाईल तयार गरिएको छ ।

कुनै पनि स्थानीय तह (नगरपालिका/गाउँपालिका) ले आफ्नो क्षेत्र भित्र रहेको स्वास्थ्य क्षेत्रको विकासको लागि भरपर्दो तथ्याङ्कीय आधार तयार गर्नुपर्ने प्रावधान रहेको छ । सोहि प्राबधान लाई व्याबहारिकतामा उतार्नका लागि शान्तिनगर गाउपालिकाको स्वास्थ्य प्रोफाईल तयार गरिएको छ ।

**खण्ड – २**
**परिचय**

## २.१ जिल्लाको परिचय

एशियाको सबै भन्दा ठुलो उपत्यका को रुपमा परिचित दाङ जिल्ला संघिय गणराज्य नेपालको प्रदेश नं. ५ को मध्य पश्चिम क्षेत्रमा अबस्थित रहेको छ। दक्षिणमा बांके र भारत, पश्चिममा सुर्खेत, उत्तरमा सल्यान र रोल्पा का साथै पुर्बमा कपिलबस्तु जिल्ला को बिचमा रहेको यस दाङ जिल्लामा मा २ वटा उपमहानगरपालिका, १ नगरपालिका र ७ वटा गाउपालिका सहित जम्मा १० वटा स्थानिय तह रहेका छन। यस दाङ जिल्लामा बाह्रकुने ताल, चरङ्गे दह, पुरन्धारा छहरा लगाएतका थुप्रै पर्यटकिय क्षेत्रहरु लगाएत थुप्रै धार्मिक महत्वका क्षेत्रहरु जस्तै संसारकै सबै भन्दा ठुलो त्रिशुल भएको धारापानि मन्दिर, रिहार क्षेत्रहरु रहेका छन। आ.व. २०७३/७४ को स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मुल्याङ्कन अनुसार दाङ जिल्ला स्वास्थ्य बिकास सुचाङ्कको २४ जिल्ला मा पर्ने गर्दछ। बिकास सुचाङ्क अनुसार २४ औं स्थानमा रहेता पनि यो जिल्ला पुर्ण खोप युक्त जिल्ला हो भने साथै यस क्षेत्रमा पर्याप्त मात्रामा निजि स्वास्थ्य संस्थाहरुको बिकास समेत उल्लेख्य मात्रा भएको छ।

## २.२ शान्तिनगर गाउपालिको परिचय

दाङ जिल्लामा रहेका १० वटा स्थानिय तह मध्ये शान्तिनगर गाउपालिका पनि एक हो। शान्तिनगर गाउपालीका पश्चिम नेपालको प्रदेश नम्वर ५ मा रहेको छ। भौगोलिक हिसाबले दाङ जिल्लाको पश्चिमतर्फ रहेको शान्तिनगर गाउँपालिका नेपालको मानचित्रमा ८२°७'५" देखि ८२°१५'३०" पूर्वी देशान्तर र २८°६'३५" देखि २८°१५'३०" उत्तरी अक्षांशमा अवस्थित रहेको छ। प्रदेश नं. ५ मा अवस्थित शान्तिनगर गाउँपालिका ११६.०२ वर्ग कि.मी.मा फैलिएर रहेको शान्तिनगर गाउँपालिका आर्थिक सम्भावना, सामाजिक स्थिति एवं ऐतिहासिक तथा साँस्कृतिक दृष्टिकोणले महत्वपुर्ण गाउँपालिका हो। भौगोलिक रुपमा यस जिल्लामा भित्री मधेसका समथर फाँटहरु, यी फाँटहरुलाई चारैतिरबाट घेर्ने साना तथा मध्यम पहाडहरु समेतबाट निर्मित दुई उपत्यकाहरु र पहाडी धरातल (महाभारत तथा चुरे) समेत रहेका छन्। यस गाउँपालिकाको उत्तरी सिमानामा सल्यान जिल्ला, पश्चिममा बबई गाउँपालिका, दक्षिणमा दंगीशरण गाउँपालिका र पूर्वमा तुलसीपुर उपमहानगरपालिका रहेका छन्। दाङ जिल्लामा अन्य तराईको दाँजोमा गर्मीको महसुस कम हुन्छ। भौगोलिक विविधताका कारण यस गाउँपालिकामा उष्ण, उपोष्ण र शितोष्ण प्रकारको जलवायु रहेको छ। यहाँको वायुमण्डलको सापेक्षिक आर्द्रता कम भएका कारण हावा सुख्खा महसुस हुन्छ। शान्तिनगर गाउँपालिकाको अधिकतम तापक्रम २०.५ डिग्री सेल्सीयसदेखि ३९.९ डिग्री सेल्सियससम्म पुग्ने गरेको छ भने न्यूनतम तापक्रम २१.८ डिग्री सेल्सीयसदेखि २.५ डिग्री सेल्सीयस हुन्छ। भौगालिक हिसावले उत्तरमा मध्ये पहाडि क्षेत्र देखि दक्षिणमा चुरे क्षेत्र सम्म फैलिएर रहेको यस गाउँ पालीकामा ७ वटा वडाहरु रहेका छन्। यस गाउँपालीकाको जम्मा जनसंख्या ३१५४६ छ भने यस गा.पा.मा मुख्य गरी हिन्दु धर्मावलम्बीहरुको बसोबास रहेको पाईन्छ साथै अन्य धर्महरुमा मुस्लिम क्रीस्चियनहरुको पनि बसोबास रहेको पाईन्छ। भौगोलीक बिकटताको दृष्टिकोणले यस गाउँपालीका को वडा नं. १ र ३ का केहि स्थान हरु अति दुर्गममा पर्दछन।

नेपाल सरकारले नेपालमा स्थानिय सरकारको गठन पश्चात नेपालको संबिधान २०७२ द्वारा निर्दिष्ट गरिएको नेपाली नागरिकहरुको मौलिक हक र अधिकारको रुपमा रहेको आधारभुत स्वास्थ्य तथा सरसफाईको अधिकारको सुनिश्चितता गर्ने जिम्मेवारी स्थानिय सरकारलाई सुम्पिएको छ। हरेक नेपाली नागरिकको मौलिक अधिकारको रुपमा रहेको आधारभुत स्वास्थ्य को सुनिश्चितताको लागि यस शान्तिनगर गाउपालिकाले प्रत्यक वडाहरुमा स्वास्थ्य संस्थाहरु स्थापना गरेको छ। शान्तिनगर गाउपालिका साबिक बाघमारे, धनौरी र शान्तिनगर गा.बि.स मिलेर बनेको गाउपालिका हो। यो गाउपालिकामा नेपाल सरकार द्वारा स्वीकृत प्राप्त ३ वटा स्वास्थ्य चौकी बाघमारे, धनौरी र शान्तिनगर स्वास्थ्य चौकी रहेका छन भने जुन शान्तिनगर गाउपालिकाको वडा नं. २, ४ र ६ मा रहेका छन। गाउपालिकाको वडा नं. १ को पेदिखोला र वडा नं. ३ को बस्तिखोलामा गाउपालिकाको एकल प्रयास

बाट वडा स्वास्थ्य केन्द्र स्थापना गरि सन्चालन गरिएको छ भने गाउपालिकाको वडा नं. ७ मा जिमिन संस्थाको सहयोगमा स्वास्थ्य केन्द्र सन्चालन गरिएको छ । शान्तिनगर गाउपालिकामा हाल ११ वटा गाउघर क्लिनिक सन्चालन भएका छन भने १४ वटा खोपकेन्द्रहरु सन्चालन भैरहेका छन ।

शान्तिनगर गाउपालिकाको जनसाङ्खिक बिबरण यस प्रकार रहेको छ ।

**तालिका नं. १: गाउपालिकाको जनसाङ्खिक बिबरण**

| | |
|---|---|
| अबस्थीत | प्रदेश नं. ५, अन्चल राप्ति, जिल्ला दाङ |
| क्षेत्रफल | ११६.०२ बर्ग कि.मि |
| देशान्तर | ८२°७'५" देखि ८२°१५'३०" पूर्वी देशान्तर |
| आक्षांश | २८°६'३५" देखि २८°१५'३०" उत्तरी अक्षांश |
| तपक्रम | |
| ऋधिकतम | ३९.९ डिग्री सेल्सियस |
| न्युनतम | २.५ डिग्री सेल्सीयस |
| औषत बर्षा | १२० मि.लि. |
| सिमाना | उत्तरी – सल्यान जिल्ला<br>पश्चिम – बबई गाउँपालिका<br>दक्षिण – दंगीशरण गाउँपालिका<br>पूर्व – तुलसीपुर उपमहानगरपालिका |
| जम्मा वडा संख्या | ७ |
| सदरमुकाम | चिराघाट |
| नदि | बबई |
| जम्मा घरधुरी संख्या | ६०९५ |
| धर्म | हिन्दु – ९७.५%, मुस्लिम – १.२% कृश्चियन – १.१५%, अन्य – ०.०५% |
| जम्मा जनसंख्या | ३१५४६ |
| | २५९८७ (घरमा भएको जनसंख्या मात्र) |
| | ५५५९ (घरमा नभएको जनसंख्या मात्र) |
| वडा नं. (घरमा भएको जनसंख्या मात्र) | |
| १ | २६११ |
| २ | ४७२९ |
| ३ | ५५९८ |
| ४ | ३८८६ |
| ५ | २८८१ |
| ६ | ३१४३ |
| ७ | ३१३९ |
| महिला संख्या | १६०४५ |
| पुरुष संख्या | १५५०१ |
| लैङ्गिक अनुपात | ९६:१०० |
| २८ दिनमुनिको जनसंख्या | ८१ |
| २८ दिन – १२ महिनाको जनसंख्या | ६०३ |
| ० – १२ महिनाको जनसंख्या | ६८४ |
| १२ – २३ महिनाको जनसंख्या | ६४९ |
| १२ – ५९ महिनाको जनसंख्या | ३४२१ |

| | |
|---|---|
| ५ बर्ष मुनिको जनसंख्या | ४१०५ |
| १५ देखि ४९ बर्षको बिबाहित महिलाको जनसंख्या | ६२३० |
| अनुमानित गर्भवति जनसंख्या | ७५१ |
| अनुमानित जिबित जन्म | ६३७ |
| १० – १९ बर्षका किशोरकिशोरीको जनसंख्या | ६५६६ |
| शान्तिनगर गाउपालिकाको स्वास्थ्यको बिबरण | |
| स्वास्थ्य चौकी | ३ ( बाघमारे, शान्तिनगर र धनौरी ) वडा नं. २, ४ र ६ मा |
| वडा स्वास्थ्य केन्द्र | २ ( पेदिखोला र बस्तिखोल ) वडा नं. १ र ३ मा |
| गैर सरकारी संस्था | १ ( जिमिन नेपाल ) वडा नं. ७ मा |
| खोपकेन्द्र | १४ |
| गाउघर क्लिनिक | ११ |
| जम्मा स्थायी कर्मचारी | दरबन्दि २० ( पदपुर्ति १७ ) |
| जम्मा अस्थायी कर्मचारी | जम्मा १२ ( ११ जना गाउपालिका करार, १ जना नेपाल सरकार करार) |

### २.३ शान्तिनगर गाउपालिकाको स्वास्थ्यको बस्तुस्थिति

शान्तिनगर गाउपालिका सबिकका बाघमारे, धनौरी र शान्तिनगर मिलेर बनेको गाउपालिका हो । यस गाउपालिकामा नेपाल सरकारको स्वास्थ्य निति २०७१ को संरचना बमोजिम प्रत्येक गाउ बिकास समिति १ स्वास्थ्य चौकी को अबधारणा का आधारमा स्तरबृद्धि भएका ३ वटा स्वास्थ्य चौकीहरु रहेका छन जुन स्वास्थ्य चौकीहरु हाल शान्तिनगर गाउपालिकाको वडा नं. २, ४ र ६ मा पर्ने गर्दछन । यस बाहेकका अन्य वडाहरुमा स्थानिय सरकारको गठन पश्चात गाउपालिकाको प्रथम गाउसभा बाट एक वडा एक स्वास्थ्य केन्द्रको अबधारणालाई कार्यक्रमको रुपमा अंगिकार गरे बमोजिम हाल शान्तिनगर गाउपालिकाको वडा नं. १, ३ र ५ मा समेत वडा स्वास्थ्य केन्द्र स्थापना गरिएको छ भने यस आ.ब मा शान्तिनगर गाउपालिका को वडा नं. ७ मा भने जिमिन नेपाल नामक संस्थालाई वडा स्वास्थ्य केन्द्रको सेवा प्रदान गर्ने अनुमति प्रदान गरिएको छ । शान्तिनगर गाउपालिका मा रहेका यी सबै स्वास्थ्य संस्थाहरु र यी स्वास्थ्य संस्थाहरु द्वारा सन्चालन गरिएका सामुदायिक स्वास्थ्य कार्यक्रमहरुको प्रगति, महिला स्वास्थ्य स्वयम सेबिकाहरुको कामको प्रगति, गाउघर क्लिनिक तथा खोप क्लिनिक को प्रगति र यस अध्ययनका लागि संकलन गरिएको सर्बेक्षण फारमहरु बाट प्राप्त तथ्याङ्कहरुको प्रशोधन र बिश्लेषण बाट प्राप्त नतिजाहरु यस गाउपालिका को स्वास्थ्य प्रोफाईलमा गाउपालिकाको स्वास्थ्य सुचांक को रुपमा प्रश्तुत गरिएको छ ।

**खण्ड – ३**

**बाल स्वास्थ्य**

## ३.१ खोप कार्यक्रम

बालबालिका भविष्यका निर्माता हुन् । तसर्थ यिनीहरु स्वस्थ र निरोगी हुनु आवश्यक छ । शिशु र बाल्य अवस्थामा उनीहरुलाई उमेर अनुसारका सबै खोपहरु समय र मात्रामा दिनु पर्दछ । खोप कार्यक्रम एक प्रतिकारात्मक सेवा भएको ले यस कार्यक्रमको उपलब्धि जिबनको उत्तरार्धमा हुनेभएको ले यस कार्यक्रम बाट तत्काल उपलब्धिको अपेक्षा गर्नुहुदैन । हाल नेपालमा ११ रोग बिरुद्ध ७ प्रकारका खोपहरु उपलब्ध छन जस्तै बि.सि.जि, डि.पि.टि–हेब–हिब, पोलियो, पि.सि.भि, आई. पि.भि, दादुरा – रुबेला । यी सबै खोपहरु नेपालका सबै जिल्लामा सन्चालन नभएता पनि दाङ जिल्लाको शान्तिनगर गाउपालिकामा सबै प्रकारका खोपहरु उपलब्ध छन । उपलब्ध भएका सातै प्रकारका खोपहरु बालबालिकाहरु लाई नियमित पुरा मात्रामा दिनु पर्दछ । नेपाल सरकारको सबैभन्दा बढि प्राथमिकतामा र सफल रहेको कार्यक्रम हो – राष्ट्रिय खोप कार्यक्रम । लाई उच्च प्राथमिकतामा राखेको छ। खोप कार्यक्रमले उल्लेख्य रुपमा बालमृत्युदर घटाउन र विभिन्न रोगलाई रोकथाम गर्न सहयोग पुऱ्याउने गर्दछ। जसले गर्दा सहस्राब्दी विकास लक्ष्यको बालमृत्युदर घटाउने लक्ष्य (एम.जी.डी.-४) प्राप्त गर्न सहयोग पुगेको छ। शान्तिनगर गाउँपालिकामा लागाईएको खोपको विवरण तल तालिकामा दिईएको छ ।

**तालिका नं. २: गाउपालिकाको खोपको प्रगति बिबरण**

| खोपको नाम | प्रगति अंकमा | प्रगति प्रतिशत (२०७४/७५) | आ.ब २०७२/७३ | आ.ब २०७३/७४ |
|---|---|---|---|---|
| बि.सि.जी | ४३२ | ८४ | ७९ | ८९ |
| डि.पि.टि–हेब–हिब १ | ४४१ | ८६ | ७९ | १०० |
| पोलियो १ | ४४१ | ८६ | ७९ | १०० |
| पोलियो ३ | ४३६ | ८५ | ७९ | ९२ |
| डि.पि.टि–हेब–हिब ३ | ४३६ | ८५ | ७९ | ९२ |
| पि.सि.भि. ३ | ३९० | ७६ | ५३ | ९३ |
| आई.पि.भि | ० (भ्याक्सिन आउन बन्द भएको) | ० | ७८ | १६ |
| दादुरा – रुबेला १ (MR) | ३९० | ७६ | ७९ | ९३ |
| जे.ई | ४४६ | ९१ | ८२ | ७१ |
| टि.डि २ | ४९१ | ८७ | ७८ | ७२ |
| बि.सि.जि vs MR - १ | ४२ | ८ | ० | ९ |
| डि.पि.टि १ vs डि.पि.टि ३ | ५ | १ | ० | ८ |
| पुर्णखोप पाएको प्रतिशत | ४०१ | ८३ | ७९ | ९३ |

## ३.२ पोषण कार्यक्रम

पोषण सेवा राष्ट्र निर्माणको एक बलियो आधार हो । पौष्टिक रुपमा सुपोषित ब्यक्ति ले मात्र घर, परिवार, समुदाय र राष्ट्र का लागि योगदान दिन सक्दछ । तर सुपोषित समाज निर्माण स्वास्थ्य क्षेत्रले मात्र पुरा गर्न नसक्ने भएकोले नेपाल सरकारले पनि बहुक्षेत्रिय पोषण परियोजना कार्यक्रमको सन्चालन गरेको छ । यस कार्यक्रमको मुख्य लक्ष्य पोषणका लागि सहयोगि निकायहरु संग सहकार्य गरि पोषण सुधारका लागि बहुक्षेत्रिय सहयोग जुटाउनु हो । जब सम्म पोषणको सुधार हुनसक्दैन तव सम्म समाज स्वस्थ हुन सक्दैन र समाज कुपोषणको सिकार हुने गर्दछ । कुपोषणकै कारण मानिसहरु रोगको अन्तरपुस्ता चक्र को सिकार हुने गर्दछन त्यसैले यस्तो समस्या सामाधानका लागि यस क्षेत्रसम्म

सरोकार रहने निकायहरु समयमै सचेत हुन जरुरी छ । मानिसको शारिरीक बिकाश उसको बाल्यकाल मुख्य गरि गर्भाबस्था देखि २ बर्ष सम्मको पोषण अबस्थामा निर्भरहने गर्दछ । यस उमेर समुहमा ८०% भन्दा बढि मस्तिस्कको बिकाश हुने गर्दछ । नेपाल सरकार द्वारा पोषण कार्यक्रमहरु मुख्य गरि गर्भाबस्था र २ बर्ष मुनिका बालबालिक केन्द्रित कार्यक्रमहरु सन्चालित भएका छन जसलाई सुनौला हजार दिन कार्यक्रम पनि भनिन्छ ।

यस शान्तिनगर गाउपालिकामा पोषण सुधारका लागि पालिका स्तरिय बहुक्षेत्रिय पोषण सुधार समिति गठन गरि बिभिन्न कार्यक्रमहरु सन्चालन गरिएको छ । यस गाउपालिकामा शिघ्र कुपोषणको ब्यबस्थापनका लागि १ वटा बहिरंग उपचार केन्द्र समेत सन्चालन गरिएको छ । शान्तिनगर गाउपालिकाको हालको पोषण अबस्था तलको तालिकामा प्रश्तुत गरिएको छ ।

**तालिका नं.३: गाउपालिकाको पोषण अबस्था**

| सुचांक | प्रगति अंकमा | आ.ब./ प्रगति प्रतिशत | | |
|---|---|---|---|---|
| | | २०७४/७५ | २०७२/७३ | २०७३/७४ |
| कुपोषण ब्यबस्थापन का लागि अन्तरंग सेवा केन्द्र | १ ठाउमा | १ | ० | ० |
| नयाँ तौल लिईएका ० – ११ महिना सम्मका बच्चाहरुको संख्या | ३०९ | ६० | ६३ | ८६ |
| नयाँ तौल लिईएका १२ – २३ महिना सम्मका बच्चाहरुको संख्या | २३१ | ४७ | ५४ | ५८ |
| कडा कुपोषित बालबालिकाहरुको संख्या (MUAC द्वारा ५ बर्षमुनि) | १६ | ०.५ | ० | ० |
| मध्यम कुपोषित बालबालिकाहरुको संख्या (MUAC द्वारा ५ बर्षमुनि) | ७१ | २.३ | ० | ० |
| नयाँ तौल लिईएका बच्चाहरुको अनुपातमा कुपोषित बच्चाहरुको संख्या (२ बर्षमुनि) | २४ | ४.४ | १२ जना | ५ जना |
| बहिरंग सेवा केन्द्रमा उपाचार गरिएका जम्मा बच्चाहरुको संख्या | १६ | – | ० | ० |
| १८० आईरन चक्की खाएका गर्भवति महिलाको प्रतिशत | २६८ | ५६ | ५४ | ५४ |
| जुकाको औषधि खाएका गर्भवति महिलाहरुको प्रतिशत | ४५६ | ९४ | ७८ | ९४ |
| सुत्केरी आमाहरुले VIT – A खाएको प्रतिशत | ७४ | १०० | ७८ | ४३ |
| आम VIT – A बितरण ( ६ देखि ५९ महिनाका बालबालिकाहरु) | | | १०० | १०० |
| आम जुकाको औषधि बितरण ( ६ देखि ५९ महिनाका बालबालिकाहरु) | | | १०० पहिलो चरण १०० दोस्रो चरण | ४७ पहिलो चरण ९८ दोस्रो चरण |

## ३.३ समुदायमा आधारित नबजात तथा बालरोगको एकिकृत ब्यबस्थापन

समुदायमा आधारित नवजात तथा बालरोगको एकिकृत ब्यबस्थापन कार्यक्रम नबजात शिशुहरुमा देखिने समस्याहरु र बाल्यकालमा देखिने स्वास्थ्य समस्यहरुको ब्यबस्थापनका लागि नेपाल सरकार द्वारा सन्चालित कार्यक्रम हो । नेपालमा झाडापखाला नियन्त्रण कार्यक्रम ( सन १९८२ ) र सिघ्र स्वासप्रश्वास संक्रमण नियन्त्रण कार्यक्रम ( सन १९८७ ) बाल स्वास्थ्यका लागि सन्चालन गरिएका कार्यक्रम हुन । तत् पश्चात ५ बर्ष मुनिका बालबलिकाको मृत्युदर लाई कम गर्न CBAC कार्यक्रम, समुदायमा आधारित बालरोगको एकिकृत ब्यबस्थापन, समुदायमा

आधारित नबजात शिशु स्याहार कार्यक्रम हुदै हाल समुदायमा आधारित नबजात शिशु तथा बालरोगको एकिकृत ब्यबस्थापन कार्यक्रम सन २०१४ देखि सन्चालन गरिएको छ।

| सुचांक | प्रगति अंकमा | आ.ब./ प्रगति प्रतिशत | | |
|---|---|---|---|---|
| | | २०७४/७५ | २०७२/७३ | २०७३/७४ |
| ५ बर्षमुनिका स्वास प्रश्वासको नयाँ बिरामी दर प्रति हजार | १०२५ | ३३३ | ७०४ | ८१३ |
| ५ बर्षमुनिका निमोनियाका नयाँ बिरामी दर प्रति हजार | १२१ | १२ | ३६६ | २०० |
| जम्मा स्वास प्रश्वासको बिरामी मध्ये कडा निमोनियाको दर प्रति हजार | ० | ० | १ जना | ० |
| ५ बर्षमुनिका झाडा पखालाका नयाँ बिरामी दर प्रति हजार | ५८१ | १८८ | ३७२ | ६३५ |
| जम्मा झाडापखालाका बिरामी मध्ये कडा जलबियोजनको दर | ० | ० | ० | ० |
| झाडा पखालाका बिरामी मध्ये जिबनजल र जिंक चक्की पाएकाको प्रतिशत | ५८१ | १०० | ७७ | ८६ |
| झाडा पखालाबाट मृत्यु हुनेको प्रतिशत | ० | ० | ० | ० |
| <५ बर्षजम्मा मलेरिया जाँच गरेको प्रतिशत | ० | ० | ० | ० |

**तालिका नं. ४: नबजात शिशु तथा बालरोगको एकिकृत बिबरण**

बालबालिकाहरु नै पछि गएर देश निर्माण गर्ने मानब शक्ति हुन । मानब शरिर र मस्तिष्क को सबै भन्दा धेरै बिकाश हुने समय भएकोले उनिहरु हरेक दृष्टिकोण बाट अति सम्बेदनशिल हुने गर्दछन । यदि बाल्यकालमा कुनै पनि रोग लागेमा उनिहरुको मृत्युहुने सम्भाबन रहनुका साथै दिर्घकालिन स्वास्थ्य समस्याहरु देखिने र घर परिवार र समुदायको लागि बोझको रुपमा रहने गर्दछ ।

नेपाल एक कम बिकशित राष्ट्र हो । नेपालको स्वास्थ्य अबस्था बि.सं. २०४८ भन्दा पहिले धेरै नाजुक भएता पनि तत् पश्चात नेपालमा पहिलो राष्ट्रिय स्वास्थ्य निति निर्माण भयो र स्वास्थ्य संग सम्बन्धित बिभिन्न प्रकारका योजनाबद्ध कार्यक्रमहरु सन्चालन भईरहेका छन । नेपालमा सन्चालन भएका बिभिन्न प्रकारका कार्यक्रम मध्ये एक हो समुदायमा आधारित नबजात शिशु तथा बालरोगको एकिकृत ब्यबस्थापन । यस कार्यक्रमको मुख्य उदेश्य नबजात शिशु तथा बाल मृत्युदरको मुख्य कारक तत्बको रुपमा रहेका समस्याहरु जस्तै निमोनिया, झाडापखाल, दादुरा, मलेरिया तथा कुपोषणको ब्यबस्थापन गरि नबजात शिशु तथा बाल मृत्युदर कम गर्नु हो । शान्तिनगर गाउपालिकाको हालको समुदायमा आधारित नबजात शिशु तथा बालरोग एकिकृत ब्यबस्थापनको बिबरण तल तालिकामा प्रश्तुत गरिएको छ ।

## खण्ड – ४
## परिवार स्वास्थ्य कार्यक्रम

### ४.१ परिवार नियोजन कार्यक्रम

नेपालमा योजनाबद्ध बिकासको सुरुवात भए पश्चात स्वास्थ्य क्षेत्र बिकास कार्यक्रमहरु नेपालमा पहिलो पटक आठौ पन्चबर्षिय योजनामा समाबेश गरिएको थियो । समय सापेक्ष क्रमिक बिकाशका कार्यक्रम अनुसार बिभिन्न योजनाहरुमा स्वास्थ्यका बिभिन्न कार्यक्रमहरु समाबेश गरिदै आएकाछन् । पहिलो पटक स्वास्थ्य कार्यक्रमको रुपमा परिवार नियोजन कार्यक्रमलाई योजनाबद्व कार्यक्रममा समाबेश गरिएको थियो ।

ई.सं. १९५८ बाट नेपाल परिवार नियोजन संघ द्वारा नेपालमा सुरुवात गरिएको परिवार नियोजन कार्यक्रम सर्बप्रथम नेपालको जनसंख्याबृद्धि कम गर्नका लागि कार्यक्रम सन्चालन गरिएको थियो । तर हाल उक्त कार्यक्रम जनसंख्या न्यूनिकरण गर्नमा मात्र नभई सबल र समृद्ध परिवार बनाई सामाजिक बिकास र रुपान्तरण गर्न तर्फ उन्मुख भएको छ । दिगो बिकासलक्ष्य पुरा गर्नका लागि सबल कार्यक्रम मध्ये एक हो – परिवार नियोजन कार्यक्रम ।

नेपाल सरकार द्वारा स्विकृत कार्यक्रम तथा शान्तिनगर गाउपालिकाको बित्तिय समानिकरण तर्फका कार्यक्रमहरु मध्येको महत्वपुर्ण कार्यक्रम परिवार नियोजन कार्यक्रम हाल परिवार नियोजनका सेवाहरु सबै लक्षित बर्गमा समता मुलक तरिकाले पहुच र उपभोगमा बृद्धि गर्नु हो । हाल परिवार नियोजन सेवा शान्तिनगर गाउपालिका द्वारा सन्चालन गरिएका सबै गाउघर क्लिनिक, वडा स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकीहरुमा उपलब्ध छ । यस कार्यक्रम अर्न्तगत परिवार नियोजन सम्बन्धि परामर्श सेवा, उपचारात्मक सेवा, प्रेषण सेवा लगाएत परिवार नियोजनका साधनहरु जस्तै पिल्स, डिपो, कन्डम लगायतका साधनहरु बितरण सेवाहरु उपलब्ध छन । परिवार नियोजनका साधनहरु जस्तै इम्पलान्ट र आई.यू.सि.डि शान्तिनगर गाउपालिकामा रहेका सबै स्वास्थ्य चौकिहरुमा उपलब्ध छन । शान्तिनगर गाउपालिको परिवार नियोजन सेवाको हालको अबस्था तल तालिकामा प्रश्तुत गरिएको छ ।

**तालिका नं. ५: गाउपालिकाको परिवार नियोजनको बिबरण**

| सुचांक | आ.ब./ प्रगति प्रतिशत | | |
|---|---|---|---|
| | २०७४/७५ | २०७२/७३ | २०७३/७४ |
| परिवार नियोजन साधनको नया प्रयोगदर | ७ | NA | ५ |
| परिवार नियोजनको जम्मा प्रयोगदर | २२ | NA | २५ |

### ४.२ सुरक्षित मातृत्व तथा नबजात शिशु स्वास्थ्य

नेपालमा गर्भवति र सुत्केरी अबस्थामा हुने मातृ मृत्युदर बढि भएको अबस्थामा मातृ मृत्युदर र नबजात शिशु मृत्युदर कमगर्नका लागि ई.सं. १९९८ मा नेपालमा पहिलो पटक सुरक्षित मातृत्व कार्यक्रमको सुरुवात भएको थियो । यस कार्यक्रमको मुख्य उदेश्य गर्भाबस्था र सुत्केरी अबस्थाका कारण महिलामा हुने बिरामीपना, अपाङ्गता र मृत्युदर कम गरि महिलाहरुको र नबजात शिशुहरुको स्वास्थ्यमा सुधार ल्याउनु हो । सामान्यतया नेपालमा मातृ मृत्यु मुख्य गरि सुत्केरी अबस्थामा हुने रक्तश्राब, सुत्केरीमा हुने बिशाक्तता, लामो सुत्केरी बेथा लाग्नु, सालनाल अड्किनु आदि हुन, यस अबस्थामा मृत्यु मुख्य गरि स्वास्थ्य संस्थामा बिरामी लिनका लागि ढिलो निर्णय गर्नु, अस्पताल ढिला पुग्नु र अस्पताल पुगेर पनि समायमा उपचार नपाउनु आदि कारणले गर्दा हुने गर्दछ । यी यस्ता समास्याहरुको समयमा नै पहिचान गरि समयमा नै उपचार सेवा पुर्‍याउने वा परामर्श गरि समस्या सामाधान गर्न सकेमात्र मातृशिशु को स्वास्थ्यमा ठुलो

उपलब्धि हासिल गर्न सकिन्छ । त्यसै कारणले नेपाल सरकारले पनि उक्त कार्यक्रमको सफल कार्ययोजना र कार्यान्वयन गरि नेपालका सबै स्वास्थ्य चौकिहरुमा बर्थिङ सेन्टर, प्रा.स्वा.केहरुमा आपत्तकालिन सुत्केरी सेवा केन्द्र सन्चलन गरेको छ । यस शान्तिनगर गाउपालिका अर्न्तगत रहेका धनौरी, बाघमारे र शान्तिनगर स्वास्थ्य चौकिमा पनि नेपाल सरकार द्वारा निर्धारित मापदण्ड बमोजिम २४ घन्टे प्रशुति सेवाका लागि बर्थिङ सेन्टर सन्चालन गरिएको छ । उक्त बर्थिङ सेन्टरहरु बाट आधारभुत प्रशुति सेवा का साथै पुर्ब प्रशुति सेवा र सुत्केरी पश्चातको सेवा प्रदान गरिदै आएको छ जस्ले गर्दा सामान्य गर्भाबस्थाको जटिलताका कारण हुने मातृ मृत्युदरलाई कम गरेको छ । शान्तिनगर गाउपालिकाको हालको सुरक्षित मातृत्वको अबस्था तल तालिकामा प्रश्तुत गरिएको छ ।

**तालिका नं. ६: गाउपालिकाको सुरक्षित मातृत्वको अबस्था**

| सुचांक | प्रगति अंकमा | आ.ब./ प्रगति प्रतिशत | | |
|---|---|---|---|---|
| | | २०७४/७५ | २०७२/७३ | २०७३/७४ |
| कुनैपनि समयमा पहिलो पुर्ब प्रशुति सेवा लिएको प्रतिशत | ४९६ | १०० | ७८ | ९४ |
| प्रोटोकल अनुसार ४ पटक पुर्ब प्रशुति सेवा लिएको प्रतिशत | २६४ | ५५ | ५० | ५३ |
| दक्ष प्रशुतिकर्मि बाट सुत्केरी बनाएकाको प्रतिशत | ७३ | १५ | ८ | ४ |
| संस्थागत प्रशुति सेवा को प्रतिशत | ७३ | १५ | १२ | १३ |
| प्रशुति पश्चातको सेवा प्रदान गरेको प्रतिशत | ५७ | ७८ | ६ | १३ |
| जम्मा मातृमृत्यु दर प्रति लाख | १ | २०९ | ० | ० |
| जम्मा नबजात शिशुमृत्यु दर | ० | ० | ० | ० |
| संस्थागत सुत्केरी भएका महिलाहरुले संस्थागत सुत्केरी भए बापत प्रोत्सहान रकम प्राप्त गरेका प्रतिशत | ७३ | १०० | १०० | १०० |
| संस्थागत सुत्केरी भएका महिलाहरुले प्रोटोकोल अनुसार ४ पटक गर्भजाँच गरे बापत प्रोत्सहान रकम प्राप्त गरेका प्रतिशत | ७३ | १०० | – | ९२ |
| बर्थिङ सेन्टरमा सुत्केरी भए बापत न्यानो झोला पाएकाको प्रतिशत | ७३ | १०० | १०० | १०० |

### ४.३ महिला स्वास्थ्य स्वयम सेबिका कार्यक्रम

ई.सं १९७७ बाट तय गरिएको लक्ष्य सबैका लागि स्वास्थ्य लाई पुरा गर्नका लागि बिकाश गरिएको रणनिति प्राथमिक स्वास्थ्य सेवा हो । यो रणनिति र लक्ष्य बिश्व स्वास्थ्य संगठनको आयोजनामा सन्चलन भएको अल्मा आटा शिखर सम्मेलन बाट तय भएको थियो । सबैका लागि स्वास्थ्य लक्ष्य पुरा गर्नका लागि तयार गरिएको प्राथमिक स्वास्थ्य सेवाका ४ वटा सिद्धान्त मध्ये एक हो सामुदायिक सहभागिता ।

नेपाली समुदायमा पुरुषको तुलनमा महिला र बालबालिकाहरुका समस्या बढि हुने गर्दछन । समुदायमा बढि स्वास्थ्य समस्या हुने बर्ग र प्राथमिक स्वास्थ्य सेवाको सिद्धान्त लाई आधारमानि नेपालमा पहिलो पटक महिला स्वास्थ्य स्वयम सेबिका कार्यक्रम बि.सं. २०४५ मा सुरु भएको थियो । सर्बप्रथम नेपालमा समुदायको स्वास्थ्य सुधारको परिकल्पना गरि सन्चलन भएको यो कार्यक्रम बिश्वमा नै एउटा नमुना कार्यक्रमको रुपमा रहेको छ । महिला स्वास्थ्य स्वयम

सेबिकाहरु हाल स्वास्थ्यका आधारभुत स्तम्भ हुन जस्ले गर्दा नेपाल ले तय गरेको सुरक्षित मातृत्व सम्बन्धिको सहश्राब्धी बिकाश लक्ष्य पुरा गरेको थियो ।

शान्तिनगर गाउपालिकामा हाल जनसंख्याको आधारमा महिला स्वास्थ्य स्वयम सेबिकाहरु रहेका छन । यस गाउपालिका भित्र रहेक महिला स्वास्थ्य स्वयम सेबिकाहरुले नेपाल सरकार द्वारा जारि गरिएको कार्यबिबरण अनुसार काम गर्ने गर्दछन । महिला स्वास्थ्य स्वयम सेबिकाहरुले नेपाल सरकार तथा गाउपालिका द्वारा सन्चालन गरेका स्वास्थ्य कार्यक्रमहरु मा सहयोग गर्नुका साथै कार्याक्रमहरु जस्तै भिटामिन ए तथा जुकाको औषधि बितरण बितरण, परिवार नियोजनका साधानहरुको बितरण, नबजात शिशु तथा बालरोगको पहिचान गरि परामर्श तथा प्रेषण सेवा, समुदायको स्वास्थ्य स्थीति पत्ता लगाई समयमा नै स्वास्थ्य शिक्षा प्रदान सेवा आदि सन्चालन गरि समुदायको स्वास्थ्य सुधारमा अतुलनिय योगदान पुर्याएका छन । शान्तिनगर गाउपालिकामा नेपाल सरकारको मापदण्ड अनुसार छनौट भएका महिला स्वास्थ्य स्वयम सेबिकाहरुको बिबरण यस प्रकार रहेको छ ।

**तालिक नं. ७: महिला स्वास्थ्य स्वयम सेबिकाहरुको बिबरण**

| क.सं. | महिला स्वा.स्व. सेबिकाको नाम, थर | परिचय पत्र नं. | वडा नं. | सम्पर्क नं. |
|---|---|---|---|---|
| बाघमारे स्वास्थ्य चौकी | | | | |
| १ | मनु खाम्चा | ३८४५४ | १ | ९८४४९०५५८१ |
| २ | नेत्रा कुवर | – | १ | ९८०६२४६५४३ |
| ३ | तारा वली | ३८४५९ | १ | ९८६०२६३१५९ |
| ४ | कल्पना टमटा | ३८४५६ | १ | ९८१०८२२२३९ |
| ५ | गायत्री भन्डारी | ३८४४७ | १ | ९८१२८०३५६९ |
| ६ | हुर्मता खड्का | ३८४५२ | २ | ९८०६२३१५९१ |
| ७ | अमृता के.सी. | ३८४५२ | २ | ९८०९८७११९० |
| ८ | भिमा बुढाथोकी | ३८४४८ | २ | ९८४७९३८७८६ |
| ९ | मोति बस्नेत | – | २ | ९८६८६३२५२७ |
| १० | दिपा वली | ३८४५७ | २ | ९८१२८३७७२७ |
| ११ | सिता वली | ३८४५८ | २ | ९८४७८८५२०० |
| १२ | वेत कुमारी डाँगी | ३८४४९ | २ | ९८१८८८३४८८ |
| १३ | टोपेन्द्र खड्का | ३८४५३ | २ | ९८०६२५४८४८ |
| १४ | कौशिला गौतम | ३८४५० | २ | ९८४४९०७५२१ |
| शान्तिनगर स्वास्थ्य चौकी | | | | |
| १ | सरिता के.सी | – | ३ | ९८०९५४१४४४ |
| २ | कौमता ठाडा | – | ३ | ९८४४९३३९८९ |
| ३ | टंकी कडेल | – | ३ | ९८४७८२२३०१ |
| ४ | डल्ली थापा | – | ३ | ९८१२८६७४८५ |
| ५ | रम्मी घर्ति | – | ३ | – |
| ६ | बिमला के.सी | – | ३ | ९८४७८८५४२८ |
| ७ | बेलमति बि.क. | – | ३ | ९८०९७२०१३६ |
| ८ | तिलक गौतम | – | ४ | – |
| ९ | सुस्मा के.सी | – | ४ | ९८४४९४००१२ |

| | | | | |
|---|---|---|---|---|
| १० | सरिता के.सी | – | ४ | ९८६६९०००५१ |
| ११ | सरस्वाति गैरे | – | ४ | ९८४७८४१०२४ |
| १२ | बिमला बोहरा | – | ४ | ९८०६२५९२५४ |
| १३ | लक्षिमा शर्मा | – | ४ | ९८४७९९१७४९ |
| १४ | दिपा बि.क. | – | ४ | ९८०९७०८५९३ |
| धनौरी स्वास्थ्य चौकी | | | | |
| १ | चन्दु आचार्य | – | ५ | ९८४४९०५३१७ |
| २ | सुमित्रा आचार्य | – | ५ | ९८६६९३३०६१ |
| ३ | ईन्दिरा डागी | – | ५ | ९८०६२५४४०८ |
| ४ | चित्रा बुढाथोकी | – | ५ | ९८४७८७५१६२ |
| ५ | बिणा भण्डारी | – | ५ | ९८४७८७९४०४ |
| ६ | लिला अधिकारी | – | ५ | ९८४७८७८१९९ |
| ७ | मोहनी चौधरी | – | ५ | – |
| ८ | फकला लामिछाने | – | ६ | ९८०९५२८८०६ |
| ९ | बिन्द्र के.सी. | – | ६ | ९८१२८२४००६ |
| १० | साबित्रा भण्डारी | – | ६ | ९८४७८७२६३७ |
| ११ | मेनका भण्डारी | – | ६ | ९८४७८३२६३२ |
| १२ | मेनका भण्डारी | – | ६ | ९८४४९७५२४० |
| १३ | लक्ष्मि आचार्य | – | ६ | ९८१३०१९१९३ |
| १४ | शुशिला शर्मा | – | ७ | ९८४७९४५०३३ |
| १५ | पबित्रा न्यौपाने | – | ७ | ९८६८६०५९१० |
| १६ | मख्खन खड्का | – | ७ | ९८१२८६७०५४ |
| १७ | मनकलि वलि | – | ७ | ९८०९५९२६२३ |
| १८ | लक्ष्मि डाँगी | – | ७ | ९८६८६०५९१६ |
| १९ | ईश्वरी शाह | – | ७ | ९८६०८४०९४३ |
| २० | बसन्ति चौधरी | – | ७ | ९८०९८१३१४१ |

शान्तिनगर गाउपालिका मा महिला स्वास्थ्य स्वयम सेबिका कार्यक्रमको हालको बस्तुस्थिति तल तालिकामा प्रश्तुत गरिएको छ ।

**तालिका नं. ८: महिला स्वास्थ्य स्वयम सेबिका कार्यक्रमको बस्तुस्थिती**

| सुचांक | आ.ब./ प्रगति प्रतिशत | | |
|---|---|---|---|
| | २०७४/७५ | २०७२/७३ | २०७३/७४ |
| आमा समुहको बैठक सन्चालन गरेको प्रतिशत | ९४ | ७८ | ९५ |
| जम्मा सेवा पुर्‍याएको संख्या | १६६७ | ० | ० |
| प्रति स्वयम सेबिकाको सेवा ग्राहि अनुपात | १८ | ० | ० |
| जिबनजल बितरण गरेका संख्या | ६५० | ० | ० |
| मातृ मृत्युको जम्मा प्रतिबेदन संख्या | ० | ० | ० |

## ४.४ गाउँघर क्लिनिक कार्यक्रम

नेपाल भौगोलिकता ले बिभितता भएको देश हो । नेपाल तराईको समथर क्षेत्र देखि हिमालको श्रृङ्खला सम्म फैलिएको छ । नेपालका सबै भुगोलमा प्राय मानिसहरुको बसोबास भएकोले नेपालमा बसोबास गर्ने सबै मानिसहरुलाई स्वास्थ्य संस्था स्थायी रुपमा स्थापना गरि स्वास्थ्य सेवा प्रदान गर्न नसकिने भएको ले बि.सं. २०५१ म नयाँ अवधारणाको रुपमा सुरुवात गरिएको कार्यक्रम हो – गाउघर क्लिनिक कार्यक्रम । नेपालमा रहेका सबै समुदायलाई स्वास्थ्यको पहुचमा ल्याउनका लागि स्थापना गरिएको उक्त कार्यक्रम बाट हाल बिभिन्न प्रकारका सेवाहरु प्रदान गरिन्छ जस्तै प्राथमिक उपचार सेवा, परिवार नियोजन सेवा, गर्भवति सेवा जाँच सेवा, सुत्केरी पश्चातको सेवा आदि ।

शान्तिनगर गाउपालिका भैगोलिक तवरले समथर जमिन देखि बिकट पहाडि क्षेत्र सम्म फैलिएको छ । शान्तिनगर गाउपालिकामा रहेका स्वास्थ्य चौकिहरु द्वारा शान्तिनगर गाउपालिकाको सबै भुगोलमा बसोबास गर्ने समुदायलाई आवश्यक आधारभुत स्वास्थ्य सेवा प्रदान गर्न नसकिने भएकोले शान्तिनगर गाउपालिका बाट वडा नं. ७ मा बाहेक सबै वडाहरुमा वडा स्वास्थ्य केन्द्र स्थापना गरिएको छ । वडा स्वास्थ्य केन्द्र द्वारा समेटन नसकिने क्षेत्रहरुमा शान्तिनगर गाउपालिका बाट हाल जम्मा ११ स्थानमा प्रत्येक महिना२१ गते देखि २४ गने सम्म गाउघर क्लिनिक सन्चालन गरिएको छ ।

हाल शान्तिनगर गाउपालिका द्वारा सन्चालन गरिएका गाउघर क्लिनिकहरुको बिबरण यस प्रकार रहेको छ ।

**तालिका नं. ९: शान्तिनगर गाउपालिकाको गाउघर क्लिनिकको बिबरण**

| क.स. | गाउघर क्लिनिकको नाम | सन्चालन मिति | वडा नं. |
|---|---|---|---|
| शान्तिनगर स्वास्थ्य चौकी | | | |
| १ | जुम्लेकुला | प्रत्येक महिनाको २१ गते | ४ |
| २ | भलानेटि | प्रत्येक महिनाको २२ गते | ४ |
| ३ | बस्तिखोला | प्रत्येक महिनाको २३ गते | ३ |
| ४ | ािगधनिया | प्रत्येक महिनाको २४ गते | ४ |
| बाघमारे स्वास्थ्य चौकी | | | |
| १ | गुण्डले | प्रत्येक महिनाको २२ गते | १ |
| २ | अमुवा | प्रत्येक महिनाको २१ गते | २ |
| ३ | पेदिखोला | प्रत्येक महिनाको २३ गते | १ |
| धनौरी स्वास्थ्य चौकी | | | |
| १ | सन्डवरी | प्रत्येक महिनाको २१ गते | ६ |
| २ | धनौरा | प्रत्येक महिनाको २२ गते | ७ |
| ३ | दुबिचौर | प्रत्येक महिनाको २३ गते | ७ |
| ४ | बैशा | प्रत्येक महिनाको २४ गते | ५ |

स्वास्थ्य सेवालाई समतामुलक बनाउन र स्वास्थ्य सेवाको पहुच पुर्‍याउनका लागि यस शान्तिनगर गाउपालिकामा सन्चालन गरिएका गाउघर क्लिनिकहरुको उपलब्धि तल तालिकामा प्रश्तुत गरिएको छ ।

**तालिका नं. १०: गाउघर क्लिनिकको प्रगति बिबरण**

| सुचांक | आ.ब./ प्रगति प्रतिशत | | |
|---|---|---|---|
| | २०७४/७५ | २०७२/७३ | २०७३/७४ |
| गाउघर क्लिनिक सन्चालन प्रतिशत | ९२ | १०० | ९२ |
| गाउघर क्लिनिकबाट सेवा पाएका सेवाग्राहिको संख्या | २००३ | २१६५ | १९८२ |
| गाउघर क्लिनिकमा प्राथमिक उपचार सेवा पाएका सेवाग्राहिको संख्या | ७८६ | – | ७४१ |
| गाउघर क्लिनिकमा पुर्बप्रशुति सेवा पाएका सेवाग्राहिको संख्या | ३६१ | – | ३५७ |
| गाउघर क्लिनिकमा तौल लिईएका ५ बर्षमुनिका बालबालिकाको संख्या | ८५६ | – | ८८४ |

## ४.५ किशोरकिशोरहरुको लागि यौन तथा प्रजनन् स्वास्थ्य

नेपालमा राष्ट्रिय किशोरकिशोरी स्वास्थ्य तथा बिकास रणनिति ई.सं. २००० मा नेपाल सरकार द्वारा जारि गरिएको थियो । उक्त रणनिति बमोजिम किशोरकिशोरीका लागि यौन तथा प्रजनन् स्वास्थ्यका लागि निर्देशिका जारी गरि नेपालका सबै स्वास्थ्य चौकि तह सम्म उक्त कार्यक्रम सन्चलन गर्ने लक्ष्य लिएको थियो । यस कार्यक्रम अनुसार सबै स्वास्थ्य चौकीहरु किशोरकिशोरी मैत्री बनाई स्वास्थ्य सेवालाई समता मुलक बनाउने लक्ष्य भयता पनि यस शान्तिनगर गाउपालिका अर्न्तगत रहेका कुनैपनि स्वास्थ्य चौकिहरुमा उक्त कार्यक्रम सन्चालन हुनसकेको छैन । दाङ जिल्लामा रहेका १३ बटा स्वास्थ्य संस्थाहरुमा मात्र यो कार्यक्रम लागु भएको छ भने अरु संस्थामा यस कार्यक्रमको पहुच पुग्न सकेको छैन ।

## खण्ड – ५
## रोग नियन्त्रण

### ५.१ औलो

औलो रोग नेपालमा मृत्युको प्रमुख कारण मध्ये एक हो र यस रोगको ५ बर्ष मुनिका बालबालिकाहरुमा उपचार तथा ब्यबस्थापनका लागि समुदायमा आधारित नबजात शिशु तथा बालरोगको एकिकृत ब्यबस्थापन कार्यक्रममा पनि समाबेश गरिएको छ। यो रोग नेपालमा प्रमुख समस्याको रुपमा देखिए पश्चात ई.सं. १९५८ मा औलो उन्मुलन कार्यक्रमको रुपमा पहिलो जनस्वास्थ्य कार्यक्रमको रुपमा सुरु गरिएको थियो। यस कार्यक्रमको मुख्य लक्ष्य औलो रोगलाई नेपाल बाट उन्मुलन गर्नु थियो तर बिबिध कारणले गर्दा पछि ई.सं. १९७८ मा आएर औलो उन्मुलन कार्यक्रमलाई परिमार्जन गरि औलो नियन्त्रण कार्यक्रमको रुपमा सन्चालन भै रहेको छ। हाल आएर नेपाल सरकार द्वारा राष्ट्रिय औलो रणनितिक योजना (ई.सं. २०१४ – २०२५) जारि गरिएको छ। यस रणनितिक योजनाले नेपालमा बिभिन्न प्रकारका कार्यक्रमहरु सन्चालन गरि ई.सं. २०२५ सम्ममा नेपाललाई औलो रोग मुक्त घोषणा गर्ने लक्ष्य लिएको छ।

औलो रोग नेपालका ६५ वटा जिल्लाहरुमा देखिएको समस्या हो। जस मध्ये दाङ जिल्ला पनि एक हो। औलो रोग मुक्त नेपाल घोषणा गर्ने लक्ष्य बमोजिम औलो रोग नियन्त्रण सम्बन्धि बिभिन्न प्रकारका कार्यक्रमहरु यस शान्तिनगर गाउपालिकामा पनि सन्चालन गरिएका छन। यस रोग नियन्त्रणका लागि शान्तिनगर गाउपालिकामा सन्चालन भएका क्रियाकलापहरु यस प्रकार रहेका छन।

- मलेरिया रोगका लागि औषधि उपचार सेवा
- सबै गर्भवति महिलाहरुलाई सुपानेट झुल बितरण सेवा
- सम्भाबित बिरामीको खोज तथा सर्भिलेन्स
- मलेरियाको सम्भाबित बिरामिको तुरुन्त EWARS प्रणालि द्वारा प्रतिबेदन
- अनुगमन तथा मुल्याङकन

शान्तिनगर गाउपालिकाको औलो रोगको बर्तमान अबस्था यस प्रकार रहेको छ।

**तालिका नं. ११: गाउपालिकाको औलोरोगको बर्तमान अबस्था**

| सुचांक | आ.ब./ प्रगति प्रतिशत | | |
|---|---|---|---|
| | २०७४/७५ | २०७२/७३ | २०७३/७४ |
| जम्मा औलो रोगका बिरामिको संख्या | ० | ० | ० |
| औलोरोगको पहिचानका लागि जाँच गरिएका जम्मा बिरामी संख्या | ० | ० | ० |

### ५.२ कालाजार

कालाजार एक प्रकारको भुसुनाबाट लाग्ने रोग हो। यो रोग नेपालका १८ वटा जिल्लामा देखिएको छ। हाल यो रोग सबैभन्दा धेरै मोरङ जिल्लामा देखिएको छ। तर यो रोग दाङ जिल्लामा नदेखिएको ले शान्तिनगर गाउपालिका लगाएत दाङ जिल्लाका कुनै पनि स्थानिय तहमा यस रोग बिरुद्ध कुनै पनि कार्यक्रम सन्चालन भएका छैनन। तर ई.सं. २००५ मा स्वास्थ्य सेवा बिभागमा रहेको महामारी तथा रोग नियन्त्रण महाशाखा ले ई.सं. २०१५ सम्ममा कालाजार रोगलाई क्षेत्रिय रुपमा निवारण गर्नका लागि ३ चरणका कार्यक्रमहरु तय गरेको छ।

- प्रथम चरण : ई.सं. २००५ देखि २००८ सम्म तयारीका चरण
- दोस्रो चरण : ई.सं. २००८ देखि २०१५ सम्म आक्रामक चरण
- तेस्रो चरण : ई.सं. २०१५ पश्चात समेकनको चरण

### ५.३ हात्तिपाईले (लिम्फ्याटिक फाईलेरियासिस)

हात्तिपाईले रोग हाल नेपालको जनस्वास्थ्यको समस्याको रुपमा देखिएको छ । यो रोग नेपालमा दाङ लगाएत ६१ वटा जिल्लाहरुमा स्वास्थ्य समस्याको रुपमा देखिएका छन । नेपालमा पछिल्लो चरण बि.सं. २०७४ मा गरिएको Pre Re-task Survey अनुसार हात्तिपाईले रोगको दाङ जिल्लामा ६% प्रकोपदर देखिएको थियो ।

महामारी तथा रोग नियन्त्रण महाशाखाले हात्तिपाईले रोगको निवारणका लागि ई.सं. २००३ मा हात्तिपाईले निवारणका लागि राष्ट्रिय कार्ययोजना २००३ – २०२० तयार गरेको थियो । सोहि कार्ययोजना अनुसार ई.सं. २००३ देखि पर्सा जिल्लाबाट हात्तिपाईले रोग बिरुद्धको आम औषधि बितरण कार्यक्रमको सुरुवात गरि बि.सं. २०६९/७० मा नेपालका हात्तिपाईले रोग देखिएका सबै जिल्लामा हात्तिपाईले रोग बिरुद्धको आम औषधि बितरण कार्यक्रम सन्चालन गरी नेपालबाट हात्तिपाईले रोग ई.सं. २०२० सम्ममा निवारण गर्ने लक्ष्य लिएको छ ।

शान्तनगर गाउपालिका लगाएत दाङ जिल्लाका धेरै स्थानिय तहमा यस रोगको प्रकोप बढ्दो छ । बि.सं. २०६६/६७ देखि दाङ जिल्लामा हात्तिपाईले रोग बिरुद्ध आम औषधि बितरण कार्यक्रम सुरु गरि यस आ.ब. सम्ममा सबै चरणहरु पुरा गरिएको छ ।

हाल शान्तिनगर गाउपालिकाको हात्तिपाईले रोगको अबस्था तल तालिकामा प्रश्तुत गरिएको छ ।

**तालिका नं. १२: गाउपालिकाको हात्तिपाईले रोगको अबस्था**

| सुचांक | आ.ब./ प्रगति प्रतिशत | | |
|---|---|---|---|
| | २०७४/७५ | २०७२/७३ | २०७३/७४ |
| जम्मा हात्तिपाईले रोगका रिपोटेड बिरामीको संख्या | ६३ | – | – |
| जम्मा आम औषधि बितरण प्रतिशत | ७२ | – | – |

### ५.४ क्षयरोग नियन्त्रण कार्यक्रम

नेपालमा प्रमुख जनस्वास्थ्य समस्याका रुपमा रहेको क्षयरोग एक सामाजिक रोग हो । यो रोग कमजोर आर्थिक अबस्था र सामाजिक रुपमा कमजोर तथा गरिब बर्गमा देखिने एक प्रमुख समस्या हो । नेपालको तथ्याङ्क अनुसार कुलजनसंख्याको ४५% मानिसहरुमा यसको प्रकोप हुनसक्ने अनुमान गरिएको छ भने सम्भाबित बिरामी मध्ये ६०% मानिसहरु बयस्क भएको अनुमान गरिएको छ । नेपालमा प्रत्येक ४५,००० मानिसहरुमा टि.बिको समस्या देखिने गर्दछ भने २०,५८० बिरामीहरुमा फोक्सोको टि.बि हुने गर्दछ जुन धेरै नै संक्रामक हुने गर्दछ ।

जनस्वास्थ्यको प्रमुख समस्याको रुपमा रहेको क्षयरोगको उपचारका लागि नेपालमा पहिलो पटक ई.सं. १९९५ मा DOTS कार्यक्रम सन्चालन गरिएको थियो । स्वास्थ्यकर्मिको प्रत्यक्ष निगरानीमा उपचार गरिने क्षयरोग को उपचार बिधि पनि लामो हुने गर्दछ । DOTS उपचार बिधि सन्चालन भए पश्चात क्षयरोग बाट हुने मृत्युदर कम भएतापनि नेपालमा यस रोग बाट बार्षिक ५,००० – ७,००० मानिसहरुको मृत्युहुने गर्दछ ।

शान्तिनगर गाउपालिका क्षयरोगको उच्च जोखिम भएको गाउपालिका मध्ये एक हो । नेपालको बार्षिक स्वास्थ्य प्रतिबेदन २०७३ अनुसार दाङ जिल्ला नेपालको क्षयरोग उच्च भएका जिल्लाहरुको छैठौ स्थानमा पर्दछ भने शान्तिनगर गाउपालिका दाङ जिल्लामा क्षयरोगको उच्च जोखिम भएको गाउपालिकामा पर्दछ । यहि यथार्तता लाई मध्ये नजर गरि शान्तिनगर गाउपालिकाले समेत गाउपालिका भित्र बिभिन्न प्रकारका क्षयरोग सम्बन्धि कार्यक्रमहरु सन्चालन गरेको छ ।

क्षयरोग सम्बन्धि गाउपालिकामा सन्चालन भएका कृयाकलापहरु यस प्रकार रहेका छन ।

- क्षयरोग सम्बन्धि माईक्रोस्कोपिक क्याम्प सन्चालन
- शान्तिनगर स्वास्थ्य चौकिमा माईक्रोस्कोपिक सेन्टर (केन्द्र) सन्चालन
- गाउपालिकाका सबै स्वास्थ्य चौकिहरुमा DOTS केन्द्र सन्चालन
- क्षयरोग सम्बन्धि चौमासिक, अर्धबार्षिक तथा बार्षिक समिक्षा गोष्ठिको आयोजन
- नियमित अनुगमन तथा सुपरिबेक्षण

शान्तिनगर गाउपालिकाको क्षयरोग कार्यक्रमको बर्तमान अबस्था तल तालिकामा प्रश्तुत गरिएको छ ।

**तालिका नं. १३: गाउपालिकाको क्षयरोगको बर्तमान अबस्था**

| सुचांक | आ.ब./ प्रगति प्रतिशत | | |
|---|---|---|---|
| | २०७४/७५ | २०७२/७३ | २०७३/७४ |
| जम्मा टि.बि का बिरामिको संख्या | २१ | १७ | २८ |
| जम्मा टि.बिका बिरामी मध्ये खकार पोजेटिभ टि.बि.को प्रतिशत | ५७ | ६५ | ५८ |
| टि.बिको निको हुने दर | ९२ | – | ८३ |
| टि.बिको पुरा अबधि औषधि खाने दर | १०० | – | १०० |
| जम्मा MDR टि.बिका बिरामी संख्या | ० | – | ० |

## ५.५ कुष्ठरोग नियन्त्रण कार्यक्रम

कुष्ठरोग एक सामाजिक तथा सबै भन्दा पुरानो रोग हो । कुष्ठरोग लाग्नु पुर्बजन्मको पाप हो भन्ने अबधारणा भएको हाम्रो समाजमा ई.सं. १९६६ बाट बिश्व स्वास्थ्य संगठनको सहयोगमा यस रोगको उपचार पद्धति सुरुवात गरिएको थियो । पछि सन १९८२ बाट यस रोग बिरुद्धको बहुऔषधि उपचार पद्धतिको सुरुवात गरिएको थियो । हाल नेपालमा यस रोगको प्रकोपदर १% भन्दा कम छ । नेपालले हाल कुष्ठरोगको नया बिरामीदर सुन्यमा पुर्याई कुष्ठरोग मुक्त समाज निर्माणका लागि बिभिन्न प्रकारका कार्यक्रमहरु सन्चालन गरिरहेको छ ।

नेपाल सरकार द्वारा सन्चालित कार्यक्रमहरु यस शान्तिनगर गाउपालिकामा पनि सन्चालन भै रहेका छन । कुष्ठरोग मुक्त समाज निर्माण गर्न नेपाल सरकार द्वारा सन्चालित कार्यक्रममा हातेमालो गर्दै शान्तिनगर गाउपालिकाले सन्चालन गरेका कुष्ठरोग सम्बन्धिका कार्यक्रमहरु यस प्रकार रहेका छन ।

- कुष्ठरोगका बिरामीहरुलाई उपचार सेवा
- संकास्पद बिरामीको पहिचानको लागि माईक्रोस्कोपिक सेन्टरमा प्रेषण सेवा
- कुष्ठरोग सम्बन्धि चौमासिक, अर्धबार्षिक तथा बार्षिक समिक्षा गोष्ठिको आयोजन
- नियमित अनुगमन तथा सुपरिबेक्षण

शान्तिनगर गाउपालिकाको हालको कुष्ठरोगको अबस्था यस प्रकार रहेको छ।

**तालिका नं. १४: गाउपालिकाको कुष्ठरोगको अबस्था**

| सुचांक | आ.ब./ प्रगति प्रतिशत | | |
|---|---|---|---|
| | २०७४/७५ | २०७२/७३ | २०७३/७४ |
| जम्मा कुष्ठरोग का बिरामिको संख्या | १ | – | – |
| जम्मा कुष्ठरोग बिरामी दर प्रति १०००० | ०.३ | – | – |
| जम्मा कुष्ठरोगी मध्ये MB बिरामी को प्रतिशत | १०० | – | – |
| जम्मा बिरामी मध्ये १४ बर्ष मुनिका बालबालिकाहरुको संख्या | ० | – | – |

### ५.६ एच.आई.भि./ एड्स तथा यौनरोग

एच.आई.भि./ एड्स तथा यौनरोग नेपालको बर्तमान अबस्थामा प्रजनन् उमेर समुहका मानिसहरुमा देखिएको एक महामारि रोग हो । यो रोग मुख्य गरेर असुरक्षित यौनजन्य कृयाकलापमा संलग्न ब्यक्तिहरुमा बढि देखिएको छ। यस रोगका मुख्य संक्रामक भनेको महिला तथा पुरुष यौनकर्मि, यौनकर्मिका सेवाग्राहि, सेना तथा पुलिसहरु, गाडि ड्राईभरहरु, लागुपदार्थ दुर्ब्यशनीमा फसेका मानिसहरु आदि पर्दछन । एच.आई.भि./ एड्स तथा यौनरोग नियन्त्रणका लागि नेपाल सरकार द्वारा पटक सन १९९५ मा पहिलो पटक राष्ट्रिय निति ल्याईएको थियो । उक्त निति पश्चात नेपालमा यस रोगको रोकथाम तथा उपचारका कार्यक्रमहरु सन्चालन भएका थिए। पछिल्लो चरणमा नेपाल सरकारले लक्ष्य ९०–९०–९० का साथ नया राष्ट्रिय एच.आई.भि रणनितिक योजना २०१६ – २०२१ ल्याएको छ।

नेपालको निश्चित बर्ग तथा समुहमा महामारिको रुपमा रहेको एच.आई.भि/एड्स रोगको प्रकोप शान्तिनगर गाउपालिका लगाएत दाङ जिल्ला भरी नै रहेको छ। एच.आई.भि./ एड्स सर्ने माध्यामहरु लाई न्यूनिकरण गर्न शान्तिनगर गाउपालिकामा पनि बिभिन्न प्रकारका कार्यक्रमहरु सन्चालन भईरहेका छन। जस्तै

- सबै गर्भवति सेवा लिने महिलाहरुलाई निःशुल्क एच.आई.भि. जाँच सेवा
- शान्तिनगर स्वास्थ्य चौकीमा सबै संकास्पद बिरामीलाई निशुल्क एच.आई.भि जाँच सेवा
- शान्तिनगर स्वास्थ्य चौकीमा यौन रोगको जाँच सेवा
- गाउपालिकामा रहेका सबै स्वास्थ्य चौकिमा निःशुल्क उपचार सेवा
- स्वास्थ्य शिक्षा तथा परामर्श सेवा
- समय समयमा एच.आई.भि./ एड्स तथा यौनरोग सम्बन्धि तालिम सन्चालन
- नियमित अनुगमन तथा सुपरिबेक्षण

शान्तिनगर गाउपालिकाको एच.आई.भि./ एड्स तथा यौनरोगको अबस्था तल तालिकामा प्रश्तुत गरिएको छ।

**तालिका नं. १५: गाउपालिकाको एच.आई.भि/एड्सको अबस्था**

| सुचांक | आ.ब./ प्रगति प्रतिशत | | |
|---|---|---|---|
| | २०७४/७५ | २०७२/७३ | २०७३/७४ |
| जम्मा समुदायमा आधारित PMTCT केन्द्र | ३ | – | १ |
| PMTCT केन्द्रबाट सेवा लिएका जम्मा गर्भबतिको संख्या | २०१ | – | ० |
| PMTCT +ve गर्भवतिको संख्या | ० | – | ० |
| शान्तिनगर गाउपालिकामा जम्मा एच.आई.भि बिरामीको संख्या | ९ | – | ० |
| जम्मा यौनरोग जाँच गरिएको संख्या | २ | – | ० |

## खण्ड – ६
## अन्य कार्यक्रमहरु

### ६.१ मानब स्रोत ब्यबस्थापन

शान्तिनगर गाउपालिका अर्न्तगत ३ वटा स्वास्थ्य चौकी र ३ वटा वडा स्वास्थ्य केन्द्र रहेका छन । यी स्वास्थ्य संस्थाहरुमा कार्यरत कर्मचारीहरुको बिबरण तल तालिकामा प्रश्तुत गरिएको छ ।

नेपाल सरकार द्वारा स्वीकृत कर्मचारी दरबन्दि र पदपुर्तिको बिबरण

**तालिका नं. १६: गाउपालिकाको स्वास्थ्य मानबस्रोतको बिबरण**

| पद | स्वीकृत दरवन्दी संख्या | पदपूर्ति | कार्यरत | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | स्थायी | करार(सरकारी) | करार (स्थानिय श्रोत) | |
| मेडिकल अधिकृत | ० | ० | ० | ० | ० | |
| हे.अ. | ३ | ३ | ३ | ० | ० | १ गाउपालिका काज |
| सि.अ.हे.ब/अ.हे.ब | ९ | ७ | ७ | १ | ० | १ गाउपालिका काज<br>१ उ.न.पा काज |
| स्टाफ नर्स | ० | ० | ० | ० | ० | |
| अ.न.मी. | ६ | ६ | ६ | ० | ४ | |
| ल्या.अ./ल्या.टे. | ० | ० | ० | ० | १ | |
| का.स. | ३ | २ | २ | ० | ३ | |
| जम्मा | २१ | १८ | १८ | १ | ८ | |

स्थानिय सरकार द्वारा स्वीकृत कर्मचारी दरबन्दि र पदपुर्तिको बिबरण

| प्द | स्वीकृत दरबन्दि | पदपुर्ति |
|---|---|---|
| अ.हे.ब | ३ | ३ |
| अ.न.मी | ३ | ० |
| का.स. | ३ | ० |
| जम्मा | ९ | ३ |

माथि तालिकामा उल्लेखित कर्मचारीहरुको स्वीकृत दरबन्दि र पदपुर्ति बिबरण अनुसार नेपाल सरकार द्वारा स्वास्थ्य चौकीमा कायम गरिएको कर्मचारीको स्वीकृति दरबन्दि अनुसार जम्मा ७१.४% दरबन्दि मात्र पुरा भएका छन । स्थानिय सरकार बाट स्वीकृत गरिएको कर्मचारि दरबन्दिमा जम्मा ३३% मात्र पुरा भएका छन ।

## ६.२ भौतिक संरचन तथा अन्य पुर्बाधार

**तालिका नं. १७: गाउपालिकाका स्वास्थ्य चौकीहरुको भौतिक संरचना**

| सि. नं. | बिबरण | अवस्था | | |
|---|---|---|---|---|
| | | शान्तिनगर | बाघमारे | धनौरी |
| १ | स्वास्थ्य संस्थाको स्वामित्वमा (जग्गाधनी पूर्जा) रहेको जग्गा | छैन | छैन | छैन |
| २ | जग्गा भए क्षेत्रफल (रोपनिरकठ्ठा) | ५ कठ्ठा | १ बिघाहा | ७ कठ्ठा |
| ३ | स्वास्थ्य संस्थाको आफ्नै भवन | छ | छ | छ |
| ४ | भवनको किसिम स्वास्थ्य मन्त्रालयको मापदण्ड अनुसार | छ | छैन | छैन |
| ५ | भवनको कोठाहरू पर्याप्त | छ | छैन | छैन |
| ६ | सेवाग्राही र सेवा प्रदायकहरूको लागि छुट्टा छुट्टै शौचालय सुविधा | छ | छैन | छैन |
| ७ | खानेपानीको नियमित उपलब्धता | छ | छ | छैन |
| ८ | टेलिफोनको उपलब्धता (Landline, Mobile) | छैन | छैन | छैन |
| ९ | बिद्युतको उपलब्धता | छ | छ | छ |
| १० | सोलार ब्याकप | छ | छ | छ |
| ११ | इन्टरनेट सुबिधा | छैन | छैन | छैन |
| ११ | एम्वुलेन्स सेवाको उपलब्धता | छैन | छैन | छ |
| १२ | मोटर जाने सडक देखि स्वास्थ्य संस्था सम्मको दूरी (कि.मी.) | ५०० मीटर | ०० कि.मी | २० मी |

शान्तिनगर गाउपालिकाको प्रथम गाउसभाबाट कर्मचारी दरबन्दि स्वीकृत गरि सन्चालन गरिएका वडा स्वास्थ्य केन्द्रहरुको भौतिक संरचनाहरु बिबरण यस प्रकार रहेको छ ।

**तालिका नं. १८: गाउपालिकाका वडा स्वास्थ्य केन्द्रहरुको भौतिक संरचना**

| सि.नं. | बिबरण | अवस्था | | |
|---|---|---|---|---|
| | | रगैजा | पेदिखोला | बस्तिखोला |
| १ | स्वास्थ्य संस्थाको स्वामित्वमा (जग्गाधनी पूर्जा) रहेको जग्गा | छैन | छैन | छैन |
| २ | स्वास्थ्य संस्थाको आफ्नै भवन | छैन | छैन (निर्माणाधिन) | छैन (निर्माणाधिन) |
| ४ | भवनको कोठाहरू पर्याप्त | छैन | छैन | छैन |
| ५ | सेवाग्राही र सेवा प्रदायकहरूको लागि छुट्टा छुट्टै शौचालय सुविधा | छैन | छैन | छैन |

| | | | | |
|---|---|---|---|---|
| ६ | खानेपानीको नियमित उपलब्धता | छैन | छैन | छैन |
| ७ | टेलिफोनको उपलब्धता (Landline, Mobile) | छैन | छैन | छैन |
| ८ | बिद्युतको उपलब्धता | छ | छैन | छैन |
| ९ | सोलार ब्याकप | छैन | छैन | छैन |
| १० | इन्टरनेट सुबिधा | छैन | छैन | छैन |
| ११ | एम्वुलेन्स सेवाको उपलब्धता | छैन | छैन | छैन |
| १२ | मोटर जाने सडक देखि स्वास्थ्य संस्था सम्मको दूरी (कि.मी.) | ० मीटर | ९ कि.मी | ९ कि.मी |

## ६.३ आर्थिक ब्यबस्थापन

शान्तिनगर गाउपालिकाको प्रथम गाउसभाबाट आधारभुत स्वास्थ्य तथा सरसफाई कार्यक्रमका लागि ससर्त तर्फ रु १,०२,९३,०००।०० अक्षरुपी एक करोड दुई लाख तिरानब्बे हजार मात्र र बित्तिय समानिकरण तर्फ रु ६०,००,०००।०० साठ्ठि लाख मात्र गरि जम्मा १,६२,९३,०००।०० अक्षरुपी एक करोड बैसठ्ठि लाख तिरानब्बे हजार मात्र बिनियोजन गरिएको थियो । बिनियोजित रकमको बिबरण यस प्रकार रहेको छ ।

ससर्त तर्फका कार्यक्रमहरु र बिनियोजित रकमको बिबरण

**तालिका नं. १९: गाउपालिकाको स्वास्थ्य तर्फका कार्यक्रमहरु**

| सि. नं. | कार्यक्रमहरू | जम्मा खर्च |
|---|---|---|
| १ | त. भ. स्थायी कर्मचारी | ५३२२००० |
| २ | घ बर्ग स्थानिय भत्ता | ४००००० |
| ३ | महंगी भत्ता स्थायी कर्मचारीलाइ | १४४००० |
| ४ | फिल्ड कर्मचारीको फिल्ड भत्ता | ११०००० |
| ५ | बैठक भत्ता ( मासिक रिपोटिङ भत्ता) | ६०००० |
| ६ | कर्मचारी पोषाक भत्ता | ११३००० |
| ७ | पानि तथा बिधुत महशुल | १२००० |
| ८ | का.स. करार | ३६०००० |
| ९ | साधारण संस्था अनुगमण | २००० |
| १० | भ्रमण खर्च | १०००० |
| ११ | टेलिफोन खर्च | २००० |
| १२ | घर भाडा | १०००० |
| १३ | कार्यालय ब्यबस्थापन तथा बिबिध खर्च | ५०००० |
| १४ | स्वास्थ्य शिक्षा सामग्री बितरण | २००० |
| १५ | स्वास्थ्य शन्देश प्रशारण | २०००० |
| १६ | स्थानिय स्तरमा स्वास्थ्य सामाग्री उत्पादन तथा बितरण | २००० |
| १७ | बिध्यालय स्वास्थ्य शिक्षा कार्यक्रम | १०००० |
| १८ | सामुदायिक स्वास्थ्य अन्तरक्रिया कार्यक्रम | २०००० |

| | | |
|---|---|---|
| १९ | सामुदायिक स्वास्थ्य प्रबर्धन अभियान | ५००० |
| २० | बिश्व स्वास्थ्य दिबश मनाउने | ३००० |
| २१ | म.स्वा. स्वयम सेबिका पोषाक भत्ता | ३६०००० |
| २२ | अ.न.मी करार | ५३२००० |
| २३ | अउलो दिबश मनाउने | ४००० |
| २४ | अउसधि तथा भ्याक्सिन ढुवानि | ३५००० |
| २५ | परिवार नियोजन फारम छपाइ | ३००० |
| २६ | कपर टि सेवा प्रदान | १७००० |
| २७ | इम्पलान्ट सेवा | ५१००० |
| २८ | म.स्वा. स्वयम सेबिका दिबस मनाउने | २५००० |
| २९ | FCHV अर्धबार्षिक समिक्षा | १५४००० |
| ३० | FCHV सम्मानजनक बिदाइ | ४०००० |
| ३१ | Menstrual Hygiene Management Program | ८००० |
| ३२ | गाउघर क्लिनिक सन्चालन यातायात खर्च | ६१००० |
| ३३ | सुरक्षित प्रशुति सेवाका लागी अनुगमन तथा समिक्षा | ७७००० |
| ३४ | बाल भिटा प्रबर्धन कार्यक्रम समिक्षा | ३६००० |
| ३५ | पुर्ण संस्थागत सुत्केरी वडा घोषणा | ५०००० |
| ३६ | भिटामिन ए बितरण कार्यक्रम | १०२००० |
| ३७ | फोहर मैला ब्यबस्थापन एवं गुणस्तर सुधार कार्यक्रम | ६०००० |
| ३८ | शंकास्पद अउलो रोग पत्ता लगाउने | १२००० |
| ३९ | नि.शुल्क स्वास्थ्य सेवाका लागी अउषधि खरिद | ३८०००० |
| ४० | कार्यालय सन्चालन खर्च | ४००० |
| ४१ | OPD Ticket छपाइ तथा नि शुल्क अनुदान | १३०००० |
| ४२ | प्रशुति यातायात खर्च | ४००००० |
| ४३ | गर्भवति उत्प्रेरणा भत्ता | ८६००० |
| ४४ | Birthing Center बाट emergency Refer | ६००० |
| ४५ | न्यानो Jhola खरिद | १८७००० |
| ४६ | शिलिकन रिङ पेशरि खरिद | ५००० |
| ४७ | गाउघर क्लिनिकमा सामान खरिद | ८००० |
| ४८ | स्टेचर खरिद | ४०००० |
| ४९ | पुर्णखोप दिगोपनामा समिति संग अन्तरक्रिया | २३००० |
| ५० | खोपको डाटा भेरिफिकेशन | ३४००० |
| ५१ | खोपको कभरेज बढाइ Drop Out घटाउन अन्तरक्रिया तथा खोप महिना मनाउने | १८००० |
| ५२ | FP तथा Safe Motherhood दिबस मनाउने | ५००० |
| ५३ | अपरिपुर्त माग का लागि सुक्ष्म योजना बनाउने | ५०००० |
| ५४ | VSC अगाबै FCHV छलफल | ३५००० |
| ५५ | SN /ANM लाइ Clinical update | २५००० |
| ५६ | पोषण अनुगमन | ७००० |

| | | |
|---|---|---|
| ५७ | Iron चक्कि सम्बन्धि अभिमुखिकरण गोष्ठि | ९५००० |
| ५८ | FP Satisfied Client Interaction Program and follow up | १०००० |
| ५९ | पुर्ण पोषण युक्त गाउ अभियान | १४००० |
| ६० | पुर्णखोप दिगोपनामा अध्यक्ष तथा प्रमुख संग अन्तरक्रिया | २२००० |
| ६१ | छुट बच्चाको खोजी तथा पुर्णखोप सम्बन्धि FCHV हरूलाइ अभिमुखिकरण | ३२००० |
| ६२ | बाह्य खोप केन्द्रको भवन निर्माण | ३००००० |
| ६३ | फोटोकपी तथा सामग्री खरिद | १०००० |
| ६४ | अकस्मिक अउषधि तथा ल्याब सामग्री ढुवानि | ९००० |
| ६५ | क्षयरोग अनुगमन तथा मुल्यांकन | ९००० |
| ६६ | Community DOTS कार्यक्रम सन्चालन | २८००० |
| ६७ | क्षयरोग मैत्रि उपचार केन्द्र स्थापना | १९००० |
| ६८ | क्षयरोग बिरामीका लागि तोल मेसिन खरिद | ९००० |
| ६९ | उपचार केन्द्रका लागि फिल्टर र मग खरिद | ९००० |
| जम्मा | | १०२९३००० |

आधारभुत स्वास्थ्य तथा सरसफाई लागि बित्तिय समानिकरण तर्फ का कार्यक्रम र बिनियोजितको बिबरण यस प्रकार रहेको छ ।

| सि. नं. | कार्यक्रमहरू | जम्मा खर्च |
|---|---|---|
| १ | एम्बुलेन्स खरिद | १२००००० |
| २ | ल्याब सामग्री खरिद | ७००००० |
| ३ | ल्याब असिस्टेन्ट करार | ३२४००० |
| ४ | वडा स्वास्थ्य क्लिनिक। स्वास्थ्य इकाइ स्थापना | ३५०००० |
| ५ | सामुदयिक स्वास्थ्य इकाइ का लागि करार कर्मचारि | ४३२००० |
| ६ | भ्याक्सिन का लागी फ्रिज खरिद | ५०००० |
| ७ | जेनेरेटर खरिद | ५०००० |
| ८ | जेनेरेटर का लागि इन्धन | १००००० |
| ९ | सुरक्षित मातृत्व सुधार कार्यक्रम | ६७००० |
| १० | महिला स्वा. स्व. सेबिका कार्यक्रम | १२०००० |
| ११ | भबन मर्मत तथा कार्यालय ब्यबस्थापन | १६०००० |
| १२ | कुपोषित बच्चाहरूको पहिचान तथा ब्यबस्थापन | २०००० |
| १३ | गा.पा. को स्वास्थ्य प्रोफाइल बनाउने | ५०००० |
| १४ | कार्यालय सन्चालन खर्च | १२५००० |
| १५ | पर्खाल निर्माण | ५००००० |
| १६ | ब्यबस्थापन समिति तथा स्टाफ मिटिङ खर्च | ३६००० |
| १७ | महामारीका लागि अकस्मिक कोष | २५००० |
| १८ | Microscopic Camp सन्चालन | १००००० |
| १९ | night duty बापत नर्सिङ भत्ता | ५४००० |
| २० | गाउघर क्लिनिक सामान खरीद | ८२००० |

| | | |
|---|---|---|
| २१ | निशुल्क अउषधि खरीद | १०३५०००० |
| २२ | २४ घन्टे करार अ न मि | २२४००० |
| २३ | वडा नं. १ को Health Hut ब्यबस्थापन | १००००० |
| २४ | पानि तथा बिधुत महशुल | ९६००० |
| जम्मा | | ६०००००० |

## खण्ड – ७

## उपचारात्मक सेवा

नेपाल सरकार द्वारा नेपाली नागरिकहरुलाई आधारभुत तथा गुणस्तरिय उपचारात्मक सेवा उपलब्ध गराउने प्रतिबद्धता गरेको छ । सोहि अनुसार नेपालका सबै स्थानिय तह सम्म आधारभुत स्वास्थ्य प्रदान गर्नका लागि स्वास्थ्य चौकी स्थापना गरिएको छ भने जिल्ला देखी केन्द्र सम्म बिशेषज्ञ सेवा प्रदान गर्नका लागि जिल्ला, अन्चल, उपक्षेत्रिय, क्षेत्रिय तथा केन्द्रिय अस्पतालहरुको स्थापना गरिएको छ । नेपालको संरचना अनुसार शान्तिनगर गाउपालिकामा आधारभुत स्वास्थ्य सेवा प्रदान गर्नका लागि ३ वटा स्वास्थ्य चौकी र गाउपालिकाको स्थानिय सरकारको संरचना अनुसार ३ वटा वडा स्वास्थ्य केन्द्र गरि जम्मा ६ वटा स्वास्थ्य संस्थाहरु स्थापना भएका छन । यी ६ वटा स्वास्थ्य संस्था मार्फत शान्तिनगर गाउपालिकामा रहेका नागरिकहरुलाई आधारभुत स्वास्थ्य सेवा प्रदान गरिएको छ । शान्तिनगर गाउपालिकाका नागरिकहरु लाई आधारभुत स्वास्थ्य सेवा प्रदानका लागि स्वास्थ्य केन्द्रका सहयोगी हातहरुको रुपमा शान्तिनगर गाउपालिक भित्र ४८ जना महिला स्वास्थ्य स्वयम सेबिका, १४ वटा खोप केन्द्र र ११ वटा गाउघर क्लिनिकहरु रहेका छन ।

नेपाली नागरिकहरु सबै स्वास्थ्यको पहुचमा आउन र कुनैपनि नागरिक आर्थिक अभाब का कारण स्वास्थ्य सेवा बाट टाढा नरहोस भन्नका लागि नेपाल सरकार सर्बप्रथम २५ बेड सम्मका अस्पतालहरुमा अपाङ्ग, गरिब, असहाय, महिला स्वास्थ्य स्वयम सेबिकाहरुका लागि निशुल्क सेवा साथै स्वास्थ्य चौकी र प्राथमिक स्वास्थ्य केन्द्रहरुबाट निशल्क स्वास्थ्य सेवा कार्यक्रमको सुरुवात १५ डिसेम्बर २००६ गरेको थियो । सोहि अनुरुप शान्तिनगर गाउपालिकामा रहेका सबै स्वास्थ्य चौकीबाट निशुल्क औषधि उपलब्ध गराईन्छ । शान्तिनगर गाउपालिकामा रहेका स्वास्थ्य चौकीहरुको प्रमुख उदेश्य नै सामान्य बिरामीहरुको उपचार गर्ने र कडा तथा जटिल बिरामीहरुको प्राथमिक उपचार गरि निश्चित ठाउमा प्रेषण गर्नु हो ।

शान्तिनगर गाउपालिकाको उपचारात्मक कार्यक्रमको बिबरण तल तालिकामा प्रश्तुत गरिएको छ ।

**तालिका नं. २०: गाउपालिकाको उपचारात्मक कार्यक्रमको बिबरण**

| सुचांक | आ.ब./ प्रगति प्रतिशत | | |
|---|---|---|---|
| | २०७४/७५ | २०७२/७३ | २०७३/७४ |
| जम्मा जनसंख्या मध्ये नयाँ OPD बिरामीको प्रतिशत | ३४ | – | ५३ |
| जम्मा OPD बिरामी मध्ये महिलाको प्रतिशत | ६२ | – | ६७ |
| जम्मा OPD बिरामी मध्ये सरुवा रोगका बिरामीको प्रतिशत | ५८ | – | NA |
| जम्मा OPD बिरामी मध्ये जेष्ठ नागरिकको प्रतिशत | ७ | – | २५ |
| जम्मा मृत्युदर प्रति हजार | १.२ | – | – |

शान्तिनगर गाउपालिकामा देखिएका मुख्य १० रोगहरु यस प्रकार रहेका छन ।

**तालिका नं. २१: गाउपालिकामा देखिएका मुख्य रोगहरु**

| रोगहरुको नाम | जम्मा बिरामी मध्ये रोगको प्रतिशत |
|---|---|
| | |
| | |
| | |
| | |
| | |
| | |
| | |
| | |
| | |
| | |

## खण्ड – ८
## सहयोगी निकायहरु

८.१ नेपाल रेडक्रस सोसाईटि
८.२ सुआहारा परियोजना २
८.३ जिमिन नेपाल



हात्तिपाइले रोगको औषधी सेवन वारे बताउदै स्वास्थ्यकर्मी



शान्तिनगरको वडा नं. ३ र ४ मा फैलिएको झाडापखालाका बिरामी



बाघमारे स्वास्थ्य चौकी परिवार




पुर्णखोप जिल्ला घोषणा कार्यक्रममा शान्तिनगर गा. पा.




चौथो परिवार नियोजन दिवशको एक झलक



झाडापखाला प्रकोप वारे ब्रिफिङ गर्दै गा.पा. प्रमुख



म.स्वा. स्व. सेविकाको कार्यक्रम सम्बोधन गर्दै २ नं. वडा अध्यक्ष



आकस्मिक स्वास्थ्य शिबिरमा गा.पा. परिवार



IFA तालिम लाई सम्बोधन गर्दै कार्यालय प्रमुख



आकस्मीक स्वास्थ्य शिविरमा कार्यकारी प्रमुखले सम्बोधन गर्दै



धनौरी स्वास्थ्य चौकीद्धारा गा.पा. अध्यक्ष र उपाध्यक्षलाई स्वागत गर्दै




MNH Update तालिममा सहभागिहरुले अभ्यास गर्दै




म.स्वा. स्व. सेबिकाको अर्धवार्षिक समिक्षामा स्वा। संयोजकले सम्बोधन गर्दै



म.स्वा. स्व. सेबिकाले भिटामिन ए खुवाउदै



म.स्वा.स्व.सेबिकाले शिघ कुपोषण वारे तालिम लिदै



स्वास्थ्यको वार्षिक समिक्षा गोष्ठीमा सम्बोधन गर्दै अध्यक्ष



बिद्यालयमा स्वास्थ्य शिक्षा बिधयक दिदै स्वास्थ्यकर्मी



हात्तिपाइले रोग बिरुद्धको अभियानको एक झलक

# जनचेतनाका लागि सन्देश

## राष्ट्रिय खोप तालिका

पूर्ण खोप, सुनिश्चित भविष्य

| पटक/भेट | कुन उमेरमा | | कुन खोप | सुई लगाउने स्थान र माध्यम | कुन रोगबाट बच्न |
|---|---|---|---|---|---|
| १ |  | जन्मने वितिकै | वि.सि.जी. | दाँया पाखुराको माथिल्लो भाग<br>छाला भित्र *(ID)* | क्षयरोग |
| २ |  | ६ हप्तामा | रोटा (पहिलो मात्रा)<br>पोलियो (पहिलो मात्रा)<br>एफ. आई.पि.भी. (पहिलो मात्रा)<br>पि.सि.भी (पहिलो मात्रा)<br>डि.पि.टी. हेप.बी.हिब. (पहिलो मात्रा) | मुखमा<br>मुखमा दुई थोपा<br>बाँया पाखुराको माथिल्लो भागमा<br>छालाभित्र (ID)<br>दांया तिघ्राको बिच बाहिरी भाग<br>(IM)<br>वांया तिघ्राको बिच बाहिरी भाग<br>(IM) | रातो भाइरसबाट हुने<br>पोलियो<br>पोलियो<br>निमोनिया<br>भ्यागुते रोग, लहरे खोकी,<br>धनुष्टंकार<br>हेप्पाटाइटिस्-वि, हेमोफिलारा |
| ३ |  | १० हप्तामा | रोटा (दोस्रो मात्रा)<br>पोलियो (दोस्रो मात्रा<br>पि.सि.भी.(दोस्रो मात्रा)<br>डि.पि.टी. हेप.बी.हिब. (पहिलो मात्रा) | मुखमा<br>मुखमा दुई थोपा<br>बाँया पाखुराको माथिल्लो भागमा<br>छालाभित्र (ID)<br>दांया तिघ्राको बिच बाहिरी भाग<br>(IM)<br>वांया तिघ्राको बिच बाहिरी भाग<br>(IM) | रातो भाइरसबाट हुने<br>पोलियो<br>पोलियो<br>निमोनिया<br>भ्यागुते रोग, लहरे खोकी,<br>धनुष्टंकार<br>हेप्पाटाइटिस्-वि, हेमोफिलारा |
| ४ |  | १४ हप्तामा | पोलियो (तेस्रो मात्रा<br>एफ.आई.पि.भि. (दोस्रो मात्रा)<br>डि.पि.टी. हेप.बी. हिब (दोस्रो मात्रा) | मुखमा दुई थोपा<br>बाँया पाखुराको माथिल्लो भागमा<br>छालाभित्र (ID)<br>दांया तिघ्राको बिच बाहिरी भाग<br>मासुमा (IM) | पोलियो<br>पोलियो<br>निमोनिया<br>भ्यागुते रोग, लहरे खोकी,<br>धनुष्टंकार<br>हेप्पाटाइटिस्-वि, हेमोफिलारा |
| ५ |  | ९ महिनामा | पि.सि.भि. (दोस्रो मात्रा)<br>दादुरा रुवेला (पहिलो मात्रा) | दांया तिघ्राको बिच बाहिरी भागमा<br>मासुमा (IM)<br>बांया पाखुराको माथिल्लो भाग<br>छाला र मासु बिच (Subcutanous) | निमोपनिया (न्यूमोकोल<br>दादुरा र रुबेला |
| ६ |  | १२ महिनामा | जापानिज इन्सेफलाइटिस् | दांया तिघ्राको माथिल्लो बाहिरी भाग<br>छाला र मासु बिच<br>(Subcutanous) | जापानिज<br>इन्सेफलाइटिस |
| ७ |  | १५ महिनामा | दादुरा -रुबेला (दोस्रो मात्रा) | बांया पाखुराको माथिल्लो बाहिरी भाग<br>छाला र मासु बिच<br>(Subcutanous) | दादुरा र रुबेला |